मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

Purwanchal National Daily

◆ वर्ष : २५ ◆ अङ्क : १२२ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७६ चैत ७ गते शुक्रवार (Friday, March 20. 2020) नेपाल सम्वत् ११४० Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

**मन्टेश्वरी तालिममा भर्ना खुल्यो**

- मन्टेश्वरी तालिम लिन इच्छुक महानुभावहरुको लागि भर्ना खुलेको जानकारी गराउँदछौं ।
- यही मिति २०७६ चैत ९ गतेदेखि १ हप्ते, दुई हप्ते, एक महिने तथा ३ महिने कोर्षहरुमा मन्टेश्वरी तालिममा भर्ना खुलेको जानकारी गराउँदछौं ।

*नोटः यस स्कूलमा कक्षा PGमा नयाँ भर्ना खुलेको समेत जानकारी गराउँदछौं ।*

सम्पर्कः वेष्ट फ्युचर मन्टेश्वरी स्कूल एण्ड ट्रेनिङ्ग सेन्टर, बिर्तामोड, झापा
फोन नं. ०२३-५४२६४७, ९८४९२५९७२९, ९८४१८९७४४७

# सजगता फितलो

**पार्थ मण्डल**

**भद्रपुर, चैत ६।** कोरोना भाइरस (कोभिड- १९) को संक्रमणबाट बच्न सरकारले सजगता अपनाउन विभिन्न निर्णय गर्दै देशभर लागू हुने गरी कडा निर्देशन जारी गरेको छ ।

सरकारले कडा निर्देशन जारी गरे पनि झापाको सीमा नाकामा कोरोनाविरुद्ध त्यस्तो सजगता अपनाएको देखिएन । भारतको विहार तथा पश्चिम बंगालसँग जोडिएको भद्रपुर सीमा नाकाबाट आवतजावत गर्ने सर्वसाधारणको स्वास्थ्य परीक्षण सीमित समय अवधि सम्म मात्र हुने गरेको पाइएको छ । भारतको पश्चिम बंगाल सरकारले भद्रपुरतर्फ आउने नाका बन्द गरिसकेको छ ।

विहार सरकारले नाका खुल्ला राख्दा त्यहींबाट दैनिक सयौंको संख्यामा दुवै देशका नागरिक आवतजावत गरिरहेका छन् । तर, तिनीहरूको स्वास्थ्य परीक्षण बिहान साढे १०देखि बेलुका ५ बजेसम्म मात्र हुने गरेको छ । भद्रपुर नगरपालिका कार्यालयको स्वास्थ्य शाखा र वडा प्रहरी कार्यालयले संयुक्त रूपमा भद्रपुरमा हेल्थ डेस्क स्थापना गरेर ज्वरो नाप्न थर्मल गन प्रयोग गरेर सर्वसाधारणको स्वास्थ्य परीक्षण शुरु गरेको छ । हेल्थ डेस्कमा तीन जना प्रहरी र एक जना स्वास्थ्यकर्मी खटाइएको छ । स्वास्थ्यकर्मी कार्यालय समयसम्म मात्र हुने गरेकोले सीमामा जोखिम बढेको वडा प्रहरी कार्यालय भद्रपुरका प्रहरी निरीक्षक डम्बर पुरीले जानकारी दिए । बिहान ६ बजेदेखि राति १० बजेसम्म नाका खुल्ला हुन्छ । बिहान ६ देखि १० र बेलुका ५देखि राति १० बजेसम्म कुनै स्वास्थ्यकर्मी हेल्थ डेस्कमा नहुँदा भारतबाट आउनेको स्वास्थ्य परीक्षण हुन नसकेको उनको भनाइ छ ।

बिहान र बेलुका हेल्थ डेस्कमा प्रहरीले मात्र ड्युटी दिएर केही नहुने बताउँदै- उनले भने- 'कोरोनाबिरुद्ध भद्रपुर नगरपालिकाले तत्काल स्वयम्सेवक परिचालन गर्न आवश्यक देखिन्छ । बिहान ६ बजेदेखि राति १० बजेसम्म स्वास्थ्यकर्मी र स्वयम्सेवक परिचालन गरे मात्र कोरोना नियन्त्रण हुन्छ, प्रहरीले मात्र केही गर्न सक्दैन ।'

यता भद्रपुर नगरपालिकाका मेयर जीवनकुमार श्रेष्ठले भद्रपुर नाकामा स्वास्थ्यकर्मी जानै डराइरहेको बताएका छन् । स्वास्थ्यकर्मीका लागि आवश्यक स्वास्थ्य सामग्री नहुँदा समस्या भइरहेको बताउँदै उनले भने- 'यसका लागि छलफल भइरहेको छ, अब चाँडै सीमामा जनशक्ति थपिनेछ ।' कोरोनाबिरुद्ध लड्न सबै सजग हुनुपर्ने उनको भनाइ छ ।

**मेची अस्पतालमा आइसोलेसन वार्ड**

कोरोनाबाट बच्न मेची अञ्चल अस्पताल भद्रपुरमा ८ बेडको आइसोलेसन वार्ड तयार गरिएको छ । आइसोलेसन वार्डमा संक्रमित बिरामीका लागि चाहिने सम्पूर्ण स्वास्थ्य उपकरणसहित सामान खरिद गरी अस्पतालले तयारी अवस्थामा राखेको जनाइएको छ । सो आइसोलेसन वार्ड बाहिर सेवाग्राहीलाई

*(बाँकी अन्तिम पृष्ठमा)*

## 'कोरोनाको जोखिम उच्च'

**झापा, चैत ६।** १ नम्बर प्रदेशका आन्तरिक मामिला तथा कानूनमन्त्री हिक्मत कार्कीले नेपालमा अहिलेसम्म नोबल कोरोना भाइरसको संक्रमण नदेखिए पनि जोखिम उच्च रहेको बताएका छन् ।

विहीबार पूर्वी नाकाको स्थलगत अवलोकनमा आइपुगेका मन्त्री कार्कीले झापा जिल्लास्थित सुरक्षा निकायका प्रमुख, स्थानीय सरकार, राजनीतिक दललगायतसँग छलफल गर्दै यस्तो बताएका हुन् ।

१ नम्बर प्रदेश सुरक्षा समन्वय समितिको बैठकले अरु नाका बन्द गरेर काँकरभिट्टा र जोगवनी खुला राख्ने, त्यहाँ चाहिने स्वास्थ्य, सुरक्षा तथा अरु प्राविधिक जनशक्ति उपलब्ध गराउन सामाजिक मन्त्रालयलाई निर्देशन गरिसकेको मन्त्री कार्कीले जानकारी गराए ।

छलफलमा १ नम्बर प्रदेशसभा सदस्य श्रीप्रसाद मैनाली, झापाका प्रमुख जिल्ला अधिकारी उदयबहादुर राना मगर, जिल्ला प्रहरी कार्यालय झापाका प्रमुख प्रहरी उपरीक्षक कृष्णप्रसाद कोइराला, सशस्त्र प्रहरी बल सीमा सुरक्षा कार्यालय झापाका प्रमुख सशस्त्र प्रहरी उपरीक्षक रेशमकुमार थक्सू, मेचीनगर नगरपालिकाका प्रमुख विमल आचार्य, उपप्रमुख मीना पोखरेल उप्रेती, इलाका प्रहरी कार्यालय काँकरभिट्टाका प्रहरी नायव उपरीक्षक राजेन्द्र पोखरेल, सशस्त्र प्रहरी नायव उपरीक्षक ज्ञानमणि पौडेललगायतले काँकरभिट्टा नाकाको समस्याका बारेमा मन्त्री कार्कीलाई अवगत गराएका थिए ।

# देशकै नमूना सहकारी झापामा

■ ४५ अर्बभन्दा बढीको कारोवार ■ ३,९९,७७४ जना शेयर सदस्य



**सुरेन्द्र भण्डारी**

**बिर्तामोड, चैत ६।** झापामा सञ्चालित केही सहकारी संस्था देशमै नमूना सहकारी संस्थाका रुपमा स्थापित भएका छन् ।

महिलाको एकल स्वामित्वमा खुलेका सहकारी संस्थाले पनि देशमै उदाहरणीय काम गर्दै आएको छ । जिल्ला सहकारी संघ झापाको तथ्याङ्क अनुसार झापामा ९ सय १४ वटा सहकारी संस्था दर्ता भएका छन् । सहकारीमा अहिले ३ लाख ९९ हजार सात सय ७४ शेयर सदस्य रहेको जिल्ला सहकारी संघ झापाको तथ्याङ्कमा उल्लेख छ ।

झण्डै ४५ अर्ब रुपैयाँमाथि कारोवार गर्दै आएका सहकारीमध्ये सहारा नेपाल सहकारी संस्था एसियामै सबैभन्दा धेरै सदस्य भएको सहकारी रहेको जिल्ला सहकारी संघ झापाका सचिव युवराज ढकालले जानकारी दिए । जसका कारण एसियाली ऋण महासंघ 'एक्यू'ले सहारा नेपाल सहकारी संस्थालाई यस अघि क्वीमी अवार्ड प्रदान गरेको ढकालको भनाइ छ ।

वित्तीय कारोवारका हिसावले समेत देशकै दोस्रो ठूलो सहकारी संस्था पनि झापामै रहेको सचिव ढकालले बताए । उनका अनुसार सहारा नेपाल र नेपाल बहुउद्देश्यीय सहकारी संस्था (एनएमसी) देशकै कारोवारका हिसावले दोस्रो ठूला सहकारी हुन् ।

झण्डै चार हजारलाई प्रत्यक्ष रोजगारी दिएका सहकारीले अप्रत्यक्ष रुपमा लाखौंलाई रोजगारी दिएको छ । तिनमा १५ हजार स्वयम्सेवी सदस्य रहेको सचिव ढकालको भनाइ छ ।

झापामा देशमै उदाहरणीय काम गर्ने दर्जनौं सहकारी रहेको बताइन्छ । जसमध्ये गौरादह नगरपालिकामा रहेको महारानीझोडा साना किसान कृषि सहकारी संस्था लिमिटेड १३० बिगाह क्षेत्रफलमा सामुहिक खेती गरेर देशकै उदाहरणीय सहकारी संस्थाका रुपमा चिनिएको छ । गौरादह-५स्थित महारानी झोडा कृषि सहकारी संस्थाले धान, गहुँ, मकै, कोदोलगायत मौसम अनुसार सहकारी खेती गर्दै आएको छ ।

त्यस्तै बिज प्रशोधन केन्द्र, अर्ग्यानिक मल, मकैको हाइब्रिड, दूध संकलन केन्द्र, पशु बिमा कार्यक्रम सञ्चालनमा ल्याएको छ । संस्थाका कार्यकारी प्रमुख चिरञ्जीवी भण्डारीले कृषिमा मात्रै संस्थागत लगानी ६ करोड रहेको बताए । सदस्यको सहभागितामा कृषिका विविध कार्यक्रम सञ्चालन भइरहेको उनको भनाइ छ ।

महारानीझोडा साना किसान कृषि सहकारीमा एक हजार नौ सय ७९ जना महिला मात्रै सदस्य छन् । उक्त संस्थाले ४६ करोडको कारोबार गर्दै आएको छ । 'कृषिलाई प्रविधि र बजारसँग जोड्न हामीले अभियान चलाएका छौं'- उनले भने । सहकारी खेतीमा जग्गा मिसाउने सदस्यले निश्चित पैसा पाउँछन् । उत्पादनको केही हिस्सा पनि उनीहरूले पाउँछन् । उक्त जग्गामा श्रम गरेमा श्रमको पनि पैसा पाउने व्यवस्था छ । संस्थाका कार्यकारी प्रमुख भण्डारीले जग्गा नभएका सदस्यलाई पनि भूमि व्यवस्थापन गरेर कृषि उत्पादनमा प्रेरित गर्ने अभियान शुरु गरेको बताए । वि.सं. २०५५ मा साना किसान विकास आयोजनाको नाममा प्रारम्भ गरेको सहकारी संस्था वि.सं. २०५९ मा मात्र सहकारीमा दर्ता भएर महारानीझोडा साना किसान सहकारी भएको थियो ।

यता सतासी महिला मौरीपालन सहकारी संस्थाका

*(बाँकी अन्तिम पृष्ठमा)*

## तोरीको तेल उत्पादन गर्दै बाह्रदशीका महिला

**बिर्तामोड, चैत ६ ।** सहारा नेपाल सहकारी संस्थाको सहयोगमा झापाको बाह्रदशी-७ डाँगीवारीमा स्थापना भएको कुटानी पिसानी मिल अहिले त्यस क्षेत्रका महिलाहरुका लागि सारथि बनेको छ ।

जुनतारा महिला कृषि सहकारी संस्थाले सहारा नेपालको सहयोगमा २०६५ सालमा मिल स्थापना गरेको थियो । त्यही मिलको सहयोगमा अहिले त्यस क्षेत्रका महिलाहरुले तोरीको शुद्ध तेल र मसला उत्पादन गर्दै आएका छन् । जसबाट आफ्ना सदस्यलाई शुद्ध तोरीको तेल र मसलाजन्य सामग्री किन्न बजार धाउनुपर्ने अवस्था हटेर गएको छ । त्यस्तै तेल र मसला बेचेर मनग्य आम्दानी गर्दै आएको सहकारीकी अध्यक्ष शान्ता प्रसाईले बताइन् ।

अहिले आफ्ना शेयर सदस्यले उत्पादन गरेको तोरी र बेसार लगायतका सामग्री खरिद गर्दै सहकारीले तेल तथा मसला (वेसार) उत्पादन तथा प्रशोधन गर्दै आएको छ । महिलाहरुले उत्पादन गर्दै आएको तेल तथा मसला बाह्रदशी गाउँपालिकासहित बिर्तामोड, कनकाई नगरपालिकाका बजारमा बिक्री हुँदै आएको सहकारीकी अध्यक्ष प्रसाईले बताइन् ।

सहकारीले अहिले एक सय मन तोरी पेलेर तेल उत्पादन गर्न लागेको सहकारीकी सचिव रुपाकुमारी

*(बाँकी अन्तिम पृष्ठमा)*

# वर्षात् नहुँदै राँके-भेडेटार सडकप्रति स्थानीयको चिन्ता



**युद्धबहादुर बोहोरा**

**पाँचथर, चैत ६।** राष्ट्रिय गौरवको परियोजना राँके-भेडेटार सडक कालोपत्र गर्नको लागि संरचना निर्माण कार्य थालिएको करिब एक वर्ष पुगेको छ ।

बाटो कालोपत्र पछि १ नम्बर प्रदेश अन्तर्गतका इलाम, पाँचथर, झापा, मोरङ, तेह्रथुम लगायतका धेरै जिल्लाहरु जोडिने छन् । यस भूगोलका बासिन्दालाई प्रत्यक्ष फाइदा पुग्ने भएकाले उनीहरुमा खुशियाली छाएसँगै विगत वर्षमा हिलाम्मे सडकको सास्ती भोग्दै आएका स्थानीय 'अगुल्टोले हिर्काएको कुकुर बिजुली चम्किँदा तर्सन्छ' भने झैं वर्षा शुरु हुनु पहिल्यै यातायातमा कष्ट हुने आशंका गर्न थालेका छन् ।

राँकेदेखि रविसम्मको बाटो मटाइलो भएका कारण थोरै पानी पर्नासाथ चिप्लो हुने गर्छ । जेठदेखि भदौ महिनासम्म लगभग चार महिना कठिन समय झेल्नु पर्दा यस सडकको यात्रा गर्ने हरेक यात्रु पीडित भएको महशुस गर्दछन् ।

व्यापारी हुन् या बिरामी ओसार्ने एम्बुलेन्स तथा यातायात व्यवसायी र यात्रु सबैको व्यथा एउटै छ । सबैको अपेक्षा छिटो सडक कालोपत्र भइ दिए हुन्थ्यो भन्ने नै हो । यस क्षेत्रमा दैनिक एक सय ५० भन्दा बढी सवारी साधन आवत-जावत गर्दछन् । अलैंची, अदुवा, कुचो, दूध, काठ, लोक्ता र अन्य जडीबुटी तथा कृषिजन्य सामान निर्यात हुन्छ । तराईबाट दैनिक उपभोग्य सामान, लत्ताकपडा, औषधि, निर्माण सामग्री आयात गर्न यही सडक उपयोग गरिन्छ ।

यसैबीच सडकमा कार्यरत कन्सल्टेन्सी इञ्जिनियर अनिरुद्रकुमार ठाकुरले हिउँदे सिजनको जस्तो यातायात सहज नहुने बताएका छन् । केही पाउन केही त गुमाउनु पर्छ भन्दै उनले भने- हामी निरन्तर यातायात आवागमलाई सहज बनाउन हरेक साइडमा जेसीभी, टिपर र आवश्यक मेसिन तयारी राख्ने छौं ।

उनले भने- अति संवेदनशील ठाउँमा तत्काल ग्राभेल र रोडा विछ्याएर सवारी सुचारु गर्ने योजना छ, चिन्ता नलिनु होस् । यसैबीच सडकको विभिन्न खण्डमा काम गर्ने स्थानीय ठेकेदार कम्पनीलाई पेटी ठेकेदारले रकम भुक्तानी गर्न आनाकानी गर्दा उनीहरुसँग असन्तुष्ट रहेको तीनजुरे निर्माण सेवाका सञ्चालक दीपेश बोहोराले बताए ।

उनले भने- काम गरे अनुसारको रकम १५/१५ दिनमा भुक्तानी गर्ने सम्झौता भइ काम शुरु गरे तापनि समयमा रकम नपाउँदा कामदारको पारिश्रमिक दिन कठिन भई निर्माण कार्यमा ढिलाइ भएको जनाए । हाल बाटोको ग्रेडिङ तथा स्ट्रक्चर निर्माण हुँदै गरे तापनि उद्देश्य अनुसारको कामको रफ्तार नभएकोले समयमै काम सम्पन्न हुनेमा आशंका गरिएको छ ।

केही महिना अघि भौतिक निर्माण तथा यातायात मन्त्री बसन्तकुमार नेम्बाङले स्थलगत अनुगमन गर्दा सडसँग जोडिएका जिल्ला, स्थानीय तह र सरोकारवालालाई परियोजनाको मापदण्ड अनुसारको काममा सबैले चासो राख्न निर्देशन दिँदै कामको गतिविधि बारे छलफल गरेका थिए ।

नेपाल सरकारको भौतिक निर्माण तथा यातायात मन्त्रालय सम्हालेका मन्त्री नेम्बाङले लामो समयसम्म अलपत्र भएका राजधानी तथा पूर्वदेखि पश्चिमसम्मका सडक तथा पुलको मुहार फेर्दै आश लाग्दो परिणाम देखाएको अवस्थामा आफ्नो गृह जिल्लासँग जोडिएको यो सडक समयमै निर्माण सम्पन्न गराउन जोड दिएका थिए ।

**सुश्रुत आयुर्वेदमा विशेष डाक्टर आउने बारेको सूचना**

**डा. जितेन्द्र मण्डल**
MS (AY) IMS, BHU, Selsi (India)
Consultant Surgeon of proctologist, Specialist No. 5

यही मिति २०७६ साल चैत ७ र ८ गते पाइल्स फिस्टुला रोग विशेषज्ञ डाक्टर राष्ट्रिय आयुर्वेद अनुसन्धान केन्द्र किर्तीपुर (काठमाडौं) बाट आउँदैहुनुहुन्छ । दिसा गर्दा दुख्ने, पोल्ने, मासु पलाएको, पिलो जस्तो घाउ आएको, रगत बग्ने र मलद्वार चिलाउने जस्ता बिरामीले यथाशीघ्र तलको ठेगानामा सम्पर्क राख्नुहोला । नोटः फोनबाट पनि नाम टिपाउन सक्नुहुनेछ ।

सम्पर्कः सुश्रुत आयुर्वेद अस्पताल प्रा.लि.
काँकरभिट्टा रोड, बोलबम पेट्रोलपम्पसँगै, बिर्तामोड, झापा
फोन नं. ०२३-५४१३११, ९८५२६८८९८६

**पायल्स तथा फिस्टुलाको उपचार**

पायल्स फिस्टुला, दिसाबाट रगत बग्ने, मासु पलाएको, घाउ भएको, बेर्नु झर्ने, पुरानो कब्जियत र दिसाघर चिलाउने जस्ता रोगहरुको विशेषज्ञ सेवा यही **चैत ७ र ८** काठमाडौंबाट आउनुहुने डाक्टरबाट उपचार हुँदैछ । बिरामीले सम्पर्क गरी स्वस्थ हुनुहोस् ।

ॐ धनवन्तरी आयुर्वेद क्लिनिक
बाणिज्य बैंक छेउ, बिर्तामोड, झापा (फोन नं. ०२३-५४०५३०, ९८५२६७३१७३)

बाल्मीकि एजुकेशन फाउण्डेशन बिर्तामोडको
**विद्यार्थी भर्ना सम्बन्धी सूचना**

शैक्षिक सत्र २०७७का लागि यस बाल्मीकि एजुकेशन फाउण्डेशनमा नर्सरीदेखि कक्षा ७ सम्म नयाँ विद्यार्थी भर्नाका लागि खुलेको सम्पूर्ण अभिभावकहरुमा सहर्ष जानकारी गराउँदछौं ।

भर्ना आवेदन फारम विद्यालय प्रशासनबाट प्राप्त गर्न सकिनेछ ।

पहिलो प्रवेश परीक्षा : २०७६ चैत २२ गते शनिबार
समय : बिहान १० बजेदेखि दिउँसो १ बजेसम्म

विस्तृत जानकारीका लागि
बाल्मीकि एजुकेशन फाउण्डेशन
बिर्तामोड-१, झापा (०२३-५४०१९५/ ५४२८२०)

नेपालीहरुको लागि भरपर्दो सेवा
**निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ सेन्टर**

ROYAL ENFIELD को आधिकारिक बिक्रेता (डिलर) भएकाले ROYAL ENFIELD को सम्पूर्ण पार्ट्सहरुमा १०% छुट गरिएको छ ।

7th ANNIVERSARY

सातौं बर्षमा प्रवेश गरेको सुखद उपलक्ष्यमा अटो, तीन चक्के टेम्पोको सम्पूर्ण पार्ट्सहरु उपलब्ध गराउँदै इञ्जिनसहितको सम्पूर्ण मर्मत सेवा सुचारु गरिएको छ ।

यहाँ जुनसुकै कम्पनीको मोटसाइकल, स्कुटर र टेम्पोको सम्पूर्ण पार्ट्स पाउनुका साथै इञ्जिन मर्मत पनि गरिन्छ ।

निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ सेन्टर
पानीटंकीको पहिलो गल्ली दायाँ साइड
निशान्त- [illegible]
इण्डिया, [illegible] नेपाल

# अब सबैको 'फोन ट्यापिङ'

**काठमाडौं, चैत ६।** राष्ट्रियसभा, विधायन व्यवस्थापन समितिबाट बिहीबार 'नेपाल विशेष सेवा गठन र सञ्चालन सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक' पारित भएको छ।

समितिको बिहीबार बसेको बैठकले विधेयक संशोधनसहित पारित गरेको समिति सभापति परशुराम मेघी गुरुङले जानकारी दिए। उनका अनुसार समितिले पारित गरेको विशेष सेवा विधेयकमा विशेष सेवामा कार्यरत् कर्मचारीको उमेरहद ६० वर्ष बनाइएको छ। यसअघि, उमेरको हदबन्दी ५८ राखिएकोमा अब ६० वर्ष पुऱ्याइएको सभापति गुरुङले जानकारी दिए।

उनले विशेष सेवा भन्नाले आफैंमा पनि विशेष तरिकाले सरकारका सूचना संकलन गर्ने र सूचना दुरुपयोग भयो भने त्यही खालको सजाय दिनुपर्ने भएकाले त्यस्ता सूचना चुहाउनेलाई कठोर सजायको व्यवस्था गरिएको बताए।

राष्ट्रको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता र स्वाभिमानमा खलल पर्ने किसिमको अति गोप्य सूचना कुनै प्रलोभनमा परी वा नपरी अनधिकृत व्यक्तिलाई थाह दिएमा वा त्यस्ता सूचनासँग सम्बन्धित अति गोप्य कागजातको बेचबिखन गरी गोप्यता भंग गरेमा जन्मकैदसम्मको व्यवस्था गरिएको सभापति गुरुङले जानकारी दिए। उनले कसुर हेरेर विधेयकमा सजायको व्यवस्था गरिएको बताए।

यसैगरी, विधेयकमा 'फोन ट्यापिङ' राष्ट्रको सार्वभौमसत्ता, भौगोलिक अखण्डतादेखि खासखास कुरामा मात्र गर्न पाइने व्यवस्था विधेयकमा उल्लेख गरिएको छ। जो-कोहीले फोन ट्यापिङ गर्ने नभइ अनुसन्धान अधिकृतले मात्र गर्न पाइने व्यवस्था गरिएको सभापति गुरुङले बताए।

'त्यो फोन ट्यापिङ गर्न आधार र अभिलेखीकरण हुनुपर्नेछ। कुनै अदालतमा फोन ट्यापिङलाई प्रमाणका रूपमा प्रयोग गर्न नपाइने र फोन ट्यापिङको दुरुपयोग गरेको खण्डमा दण्ड-सजायको व्यवस्था गरिएको छ'- उनले भने।

# कांग्रेसको सतर्कता

**विर्तामोड, चैत ६।** कोरोनाको बढ्दो प्रकोप नियन्त्रणका लागि सतर्कता बढाउन आग्रह गर्दै नेपाली कांग्रेस सूचना, सञ्चार तथा प्रचार विभागले जिल्ला प्रशासन कार्यालय र भारतसँग सीमानाका जोडिएका केही गाउँ/नगरपालिकामा सतर्कता पत्र बुझाएको छ।

कांग्रेस केन्द्रीय सूचना सञ्चार तथा प्रचार विभागको निर्देशन बमोजिम जिल्लास्थित सूचना सञ्चार तथा प्रचार विभागले झापाका प्रमुख जिल्ला अधिकारी र मेचीनगर नगरपालिकाका प्रमुखलाई सतर्कता पत्र बुझाएको हो।

नेपाली कांग्रेस झापाका प्रचार विभाग प्रमुख कृष्ण हुमागाँईको नेतृत्वमा जिल्ला प्रशासन कार्यालय झापामा पुगेको प्रचार विभाग सदस्यहरु र नेपाली कांग्रेसका कार्यकर्ताहरुको टोलीले प्रमुख जिल्ला अधिकारी उदयबहादुर रानालाई सतर्कता पत्र बुझाएको हो।

प्रचार विभाग सचिव राजेन्द्र गौतमले सञ्चालन गरेको कार्यक्रममा नेपाली कांग्रेस झापाका सदस्यहरु बिजय रिजाल, लता चापागाँई, तोया गड्तौला, क्षेत्रीय सभापति गणेश पोखरेल, प्रदेश क्षेत्रीय सभापति नवीन बिमली, महिला संघ ३ नं क्षेत्रीय सभापति शर्मिला अधिकारी, नेपाल प्रेस युनियन झापा अध्यक्ष इन्दु पूर्वेली, भद्रपुर नगर उपसभापति ज्ञानु चौहान लगायत क्षेत्र तथा भातृ संस्था प्रतिनिधिहरुको उपस्थिति रहेको थियो।

ज्ञापन-पत्र बुझ्दै प्रमुख जिल्ला अधिकारी मगरले सीमाना जोडिएका कारण अन्य जिल्लाको तुलनामा झापामा बढी सतर्कता अपनाउनुपर्ने बताए। उनले कोरोना संक्रमणको जोखिमबाट बच्न मेचीनगर चेकपोस्ट स्थापना गरिएको, झापा/गौरीगञ्ज गाउँपालिका, भद्रपुर विमानस्थल लगायतका सात स्थानमा हेल्पडेस्क राखिएको, झापाको कलबलगुरीस्थित प्रशिक्षण केन्द्रमा ३२ सिट क्षमताको क्वारेन्टाइन स्थापनाको तयारी भइरहेको, आइसोलेसनका लागि मेचीनगर र अर्जुनधारा नगरपालिकामा प्रयास थालिएको जानकारी दिँदै सरकारसँगै हातेमालो गरेर कोरोना जोखिम न्यूनीकरणका लागि संगठित हुन आह्वान गरे।



यसैबीच प्रचार विभाग प्रमुख हुमागाँईको नेतृत्वमा रहेको सो टोलीले मेचीनगर नगरपालिकाका मेयर विमल आचार्य र उपप्रमुख मीना उप्रेतीलाई पनि संयुक्त रुपमा ज्ञापनपत्र बुझाएको थियो। कार्यक्रममा संविधानसभा सदस्य उषा गुरुङ, नेपाली कांग्रेस जिल्ला सदस्यहरु पुष्पराज पौडेल, टेकबहादुर लिम्बू, तेजप्रसाद चम्लागाँई, क्षेत्रीय सभापति मणि उप्रेतीलगायतको उपस्थिति रहेको थियो।

सतर्कता पत्र बुझ्दै मेचीनगर नगरपालिकाका मेयर आचार्यले आइसोलेसनका लागि घर तयारी अवस्थामा राखिएको, सीमानाकामा गर्नुपर्ने आवश्यक पूर्व तयारी गरिएको, सचेतनाका लागि हेण्डबिल, पोष्टर, माइकिङलाई तीव्र बनाइएको र दुई दिनभित्रमा क्वारेन्टाइन तयारी अवस्थामा राखिने जानकारी दिए।

केन्द्रीय विभागीय प्रमुख विश्वप्रकाश शर्मा र झापा प्रमुख कृष्ण हुमागाँईद्वारा हस्ताक्षरित ज्ञापन पत्रमा आपत्कालीन अवस्थामा बाहेक सीमानाका बन्द गर्न, आपत्कालीन अवस्थामा हुने आवागमनमा स्वास्थ्य परीक्षण गर्न, परीक्षणमा खटिने स्वास्थ्यकर्मीहरुलाई विशेष सुविधा र प्रोत्साहन गर्न, मेची अञ्चल अस्पताल, निजी तथा सरकारी र स्वास्थ्य केन्द्रलाई जोखिम सामनाका लागि तयार राख्दै जिल्लास्तरीय समन्वय संयन्त्र निर्माण गरी आइसोलेसन वार्ड बनाउन आग्रह गरिएको छ।

पन्ध्रवटै गाउँ/नगरमा क्वारेन्टाइन स्थापना, सतर्कताका लागि सूचना सम्प्रेषण, सुपथ मूल्यमा मास्कको प्रबन्ध गर्न आग्रह गर्दै सतर्कता पत्रमा बजारमा बढेको कालोवजारी नियन्त्रण, नियमित बजार अनुगमन, जोखिम सामनाका लागि सरकारको रणनीति आत्मसात गर्दै राजनीतिक आग्रह-पूर्वाग्रहबाट माथि उठेर कोरोनाको जोखिम सामनाका लागि संगठित हुन आग्रह गरिएको छ।

## सजगता ...

आवतजावतमा बन्देज लगाइएको छ।

शंकास्पद बिरामी आएमा तिनको उपचारमा खटिने रेपिड रेस्पोन्स टिम डाक्टर गोविन्द कँडेलको नेतृत्वमा गठन भइसकेको अस्पतालका मेसु डाक्टर पीताम्बर ठाकुरले जानकारी दिए। अस्पतालमा सेवा लिन आउने हरेक बिरामी वा आफन्तले हात धोएर, थर्मल गनले ज्वरो जाँच गरेर मात्र प्रवेश गर्न थालिसकेको उनले बताए। 'कोरोनाको कारणले अस्पतालमा आकस्मिक बाहेकका सबै शल्यक्रिया सेवा बन्द गरेका छौं'- मेसु ठाकुरले भने- 'कोरोना संक्रमित बिरामीका लागि आवश्यक परेको बेला आइसीयु पनि तयारी अवस्थामा राखेका छौं।'

**आपत्कालीन अस्थायी क्वारेन्टाइन**

सरकारको निर्देशन बमोजिम भद्रपुर-१०स्थित कलवलगुढी प्रशिक्षण केन्द्रको भवनमा आपत्कालीन अस्थायी क्वारेन्टाइन बनाउने काम धमाधम भइरहेको झापाका सहायक प्रमुख जिल्ला अधिकारी राजकुमार राईले जानकारी दिए। 'कोरोना संक्रमितको शंका लागेकालाई उचित स्वास्थ्य परीक्षणसहित स्वास्थ्य सेवा प्रदान गर्न प्रशिक्षण केन्द्रमा ३२ बेड क्षमता भएको क्वारेन्टाइन बन्दैछ'- उनले भने।

यसका लागि भद्रपुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत तुलसीबहादुर श्रेष्ठको संयोजकत्वमा नेपाल प्रहरी, सशस्त्र प्रहरी, नेपाली सेना, जिल्ला प्रशासन कार्यालय, स्वास्थ्य कार्यालय, नेपाल रेडक्रस सोसाइटीसहितको समिति क्वारेन्टाइन बनाउने काममा लागीपरेको छ।

क्वारेन्टाइनमा चाहिने खानेपानी, बिजुली, घेरावारा, सरसफाई, स्वास्थ्य सामग्री, निर्माण सामग्रीको व्यवस्थापन कार्यमा अन्तिम चरणमा पुगेको जनाइएको छ। बिहीबार बेलुकासम्म क्वारेन्टाइन निर्माण भइसक्ने नगरपालिकाका मेयर श्रेष्ठले जानकारी दिए।

## तोरीको ...

राईले बताइन्। जसका लागि ८० मन तोरी धोइपखाली गरिएको छ- उनले भनिन्- 'सहकारीका सदस्यले नै घरमा लगेर तोरी पखाल्ने सुकाउने काम गर्नु हुन्छ।'

शुरुमा महिला जागृति विकास कार्यक्रममार्फत महिला कृषि समूह सञ्चालन गरिएको र पछि त्यसैलाई सहकारीको रुप दिएको सचिव राईले बताइन्। महिला उद्यमशीलतामा जोड दिँदै सहकारीले मिल स्थापना गरेपछि बाह्रदशीका महिलाले आर्थिक अवस्थामा फड्को मारेको राईको भनाइ छ।

सहाराले शुरुमा हामीलाई १ लाख ४० हजार रुपैयाँ प्रदान गरेको थियो। त्यसबाट स्पेलर चाइनिज, इण्डियन होलर पिठो पिसानी मेसिन र मसला पिस्ने मेसिन खरिद गरिएको थियो, जसले हामीलाई आत्मनिर्भर बनाएको छ- सचिव राईले भनिन्- अहिले यस क्षेत्रका महिलालाई आय-आर्जन गर्न सिकाएको छ। किसानले तोरी, मसलामा वेसार उत्पादन गर्ने र सहकारीलाई नै बिक्री गर्ने हुँदा सहकारीसँगै घरको गर्जो टार्न समेत सहज भएको छ- उनले भनिन्।

बाह्रदशी गाउँपालिकामा १२ वटा सहकारी सञ्चालनमा रहेका छन्। तिनले आय-आर्जन र महिलालाई स्वावलम्वी बनाउन सहयोग गरेका छन्। बाह्रदशी गाउँपालिकाका अधिकृत चेतनाथ न्यौपानेले जुनतारा महिला कृषि सहकारी संस्थाले स्वागतयोग्य काम गरिरहेको बताए। सहकारी जुन उद्देश्यका लागि खुलेका हुन् त्यही उद्देश्य भित्र रहेर काम गर्नुपर्छ- उनले भने - जुनताराले जुन काम गरिरहेको छ, त्यो सबैका लागि उदाहरणीय छ।

## देशकै ...

व्यवस्थापक देवी दाहालले वर्षमा ६० हजार केजी मह उत्पादन गर्दै आएको बताइन्।

पाँच सय २३ सदस्यमध्ये एक सय ५० सदस्यले मौरी पाल्छन्। सबै सदस्यसँग गरी ३ हजार गोला मौरी छन्। व्यवस्थापक दाहालले सदस्यलाई धरौटीमा मौरी पाल्न लगाउने गरेको बताइन्। 'माहुरी बिस्तार गरी उत्पादन बढाउन हामी धरौटीमा गोला दिन्छौं'- उनले भनिन्।

त्यस्तै झापाको नेपाल बहुउद्देश्यीय सहकारी संस्थाले पछिल्लो समय ५० करोडभन्दा बढीको लगानीमा 'नमूना कृषि परियोजना' शुरु गरेको छ।

आउँदो पाँच वर्षभित्रको लक्ष्य राखेर सहकारीले परियोजना शुरु गरेको हो। स्थानीय तह, प्रदेश सरकार र संघीय सरकारसँग साझेदारीमा कृषि क्षेत्रसँग सम्बन्धित जानकारीका लागि प्रयोगात्मक तालिम समेत दिने उद्देश्यले परियोजना सञ्चालन गरिएको संस्थाका कार्यकारी प्रमुख लक्ष्मीप्रसाद उप्रेतीले बताए।

गत वर्षदेखि शुरु भएको परियोजनामा हालसम्म साढे १० करोड लगानी भएको छ। 'माछा, फलफूल, गाई, बाखा पालन, तरकारीलगायत कृषिका सबै क्षेत्रको विकासका लागि लाइभ ट्रेनिङ सञ्चालन गर्ने योजना रहेको उप्रेतीले बताए। सहकारीले उक्त परियोजनाका लागि १६ बिगाह जग्गा खरिद गरिसकेको छ। आसपासको जग्गा खरिद गर्ने योजना अघि सारेको बताइएको छ।

सहकारीले डेरी उद्योग समेत सञ्चालन गरेको छ। डेरीमा १५ करोड लगानी रहेको सहकारीमा अध्यक्ष रामचन्द्र उप्रेतीको भनाइ छ। चार हजार किसानले उक्त डेरीमा प्रत्यक्ष रूपमा दूध बिक्री गर्दै आएका छन्। डेरीमा दैनिक १२/१३ हजार लिटर दूध आउने गरेको उप्रेतीले बताए। दूधको कारोबार गर्ने किसानले संरक्षित पुँजी कोषमार्फत कारोबारका आधारमा थप पैसा समेत पाउने गरेका छन्।

गत वर्षदेखि डेरीतर्फ किसानले वर्षभरीमा दूध र पैसाको अनुपातको आधारमा जोडेर भाग गरी संरक्षित पुँजी कोषको रकम फिर्ता गर्न शुरु गरिएको कार्यकारी प्रमुख उप्रेतीले जानकारी दिए। डेरीले उत्पादन गरेको दूध तथा दूधजन्य वस्तु झापा, मोरङ, सुनसरीमा बिक्री हुँदै आएको छ।

अध्यक्ष उप्रेतीका अनुसार सहकारी सुपथ पसल सञ्चालन गर्दै आएको बताए। अध्यक्ष उप्रेतीले यो वर्ष पाँचवटा सहकारी पसलको सञ्चालन प्रक्रिया अघि बढेको र आउँदो पाँच वर्षभित्र ५० वटा पसल पुऱ्याउने लक्ष्य लिएको जानकारी दिए।

त्यस्तै विराट-अर्जुन उपभोक्ता सहकारी संस्था र सताक्षी बहुउद्देश्यीय सहकारी संस्थाले सुपथ उपभोक्ता पसल सञ्चालन गरेको छ। पूर्वार्ध कृषि सहकारी संस्थाले डेरी, मेची कृषक बहुउद्देश्यीय सहकारी सस्थाले पोष्ट हार्वेट सेवा केन्द्र सञ्चालन गरेको छ। जहाँ वीऊ विजन समेत पाइन्छ। त्यस्तै शुभ चिया, हल्दिवारी साना किसान पृथ्वीनगरले चिया मिल सञ्चालन गरेका छन् भने वाह्रदशी गाउँपालिकाको वडा नम्बर-७ डाँगीवारी रहेको जुनतारा महिला कृषि सहकारी संस्थाले तोरीको तेल र मसलाजन्य सामग्री उत्पादन गर्दै आएको छ। यता श्रीकृष्ण सुपारी सहकारी संस्थाले सुपारी उत्पादन तथा प्रशोधन, मेची सहकारी संस्था दमकले आवास परियोजना सञ्चालन गरेका छन्।


## कर्मचारी तु-आवश्यकता

लक्ष्मीपुरबाट पञ्चकन्या, प्रोभिडेन्स कलेज उत्तरबाट कृष्ण हल हुँदै मुक्तिचोक उत्तर शनिश्चरे रोड, पाथीभराटोल, कृषिथोक, महेन्द्र शोरुमसम्म लक्ष्मीपुरदेखि दुर्गापुर सिमसार चम्पापुरसम्म पत्रिका वितरण गर्ने आफ्नो मोटरसाइकल भएको व्यक्ति तु-आवश्यकता परेको हुँदा इच्छुकले सम्पर्क गर्नुहोला।

तलबः १०,००० (बोनसले तेल हाल्न पुग्ने)

सम्पर्कः ९८०१४०४०००, ९८१६६४१५७३

## आकर्षक घडेरी बिक्रीमा

झापाको अर्जुनधारा-९स्थित कटहरडाँडामा कालोपत्रे पिच बाटोले छोएको ३६ फिट मुख भई पश्चिम फर्केको घरायसी तथा व्यापारीक प्रयोजनको लागि भिटाहरु एकमुष्ट वा टुक्रा गरी लिन चाहने व्यक्तिले सम्पर्क राख्नुहोला।

नोटः जम्मा जग्गाको क्षेत्रफल ११ कठ्ठा

सम्पर्कः नरेश श्रेष्ठ (मो. नं. ९८४२६२४१५०,९८१७०२१८५५)

## कर्मचारी तु-आवश्यकता

एक प्रतिष्ठित कम्पनीको लागि निम्न अनुसारका कर्मचारी आवश्यक परेकोले इच्छुकले तु-सम्पर्क गर्नुहोला।

पदः **मार्केटिङ अफिसर-** १० जना (महिला/पुरुष)
**अफिस एसिस्टेन्ट -** १ जना (पुरुष)

शैक्षिक योग्यताः एसईई पास

तलबः आपसी समझदारीमा (आकर्षक)

सम्पर्कः ९८५२६४०८१२

## आर्यन फार्मेसीको सूचना

सुगर (डायविटिज)का सम्पूर्ण विरामीहरुलाई निःशुल्क सुगर परीक्षण।

मितिः २०७६ चैत ७, १४, २१ र २८ गते । विहानः ६ बजेबाट

नोटः यहाँ डाक्टरहरुको सेवा पनि उपलब्ध छ।

शुभलक्ष्मी डाइगोनोष्टिक सेन्टर प्रा.लि.

अतिथि सदन पूर्व, शनिश्चरे रोड नजिक, बिर्तामोड, ०२३-५९०७५१, ९८०६०७०५०५

## प्रेस विज्ञप्ति

विश्वभरी कोरोना भाइरस (COVID-19) महामारी (Pandemic) को रुपमा रहँदा नेपालमा पनि यसबाट प्रभावित हुने निश्चितै छ। हालसालै झापामा कार्यरत चिकित्सकहरुले विगत केही दिनमा (COVID-19) संग मिल्दोजुल्दो लक्षणका विरामीहरुको संख्या क्रमिक रुपमा बढ्दै गएको अनुभव गरेका छन्। तसर्थ यो विज्ञप्तिमार्फत स्थानीय, प्राकदेशिक तथा संघीय सरकार समक्ष निम्न बमोजिम जोडदार माग गर्दछौं। उपयुक्त ठाउँ पहिचान गरी Quarantine का लागि २०० शय्यासम्मको भवन तत्कालै तयार गर्ने।

१) **PPE (Personal Protective Equipment) :-** कोरोनाबाट जोगिन अति आवश्यक PPE अस्पतालमा कार्यरत चिकित्सक, स्वास्थ्यकर्मीलाई अतिशीध्र उपलब्ध गराइदिनुहन माग गर्दछौं।

२) एक जना विरामीले स्वास्थ्यकर्मीलाई (COVID-19) सारेमा सो Virus स्वास्थ्यकर्मीबाट धेरै अन्य रोगका विरामीलाई सर्ने सम्भावना देखियो। तसर्थ चिकित्सक र स्वास्थ्यकर्मीलाई COVID-19 सर्न नदिन PPE को व्यवस्था यथाशीध्र गर्न माग गर्दछौं।

३) Quarantine: रोग सर्न नदिनको लागि रोग नलागेका व्यक्तिहरु अतिआवश्यक नपरेसम्म घरबाट ननिस्कनलाई Public awarness गर्ने तथा स्कूल/कलेज/मल बजार आदि भीड जाम हुने ठाउँ सकेसम्म सञ्चालन आउन नदिने माग गर्दछौं।

४) **COVID-19:-** विरामीको उपचारार्थ Quarantine/Isolation शहरबाट टाढा भीडरहीत ठाउँमा उपयुक्त भवन चयन गरी व्यवस्था गर्न माग गर्दछौं। सो भवनमा आवश्यक पर्ने जनशक्ति र उपकरण समन्वयगरी व्यवस्थित गर्न आग्रह गर्दछौं।

५) सो भवनमा Diagnosis का लागि RT-PCR वा Kit को व्यवस्था गर्न पनि माग गर्दछौं।

६) **COVID-19:-** शंकास्पद विरामीहरुको रोग पहिचानको निमित्त RT PCR जाँच गर्नु परेमा सो जाँचको व्यवस्था हाल काठमाडौं Central Lab टेकूमा मात्र उपलब्ध भएको अवस्थामा शंकास्पद विरामीलाई काठमाडौंसम्म सुरक्षित तवरले लैजाने व्यवस्था गर्न आव्हान गर्दछौं।

७) जिल्लामा उपचारार्थ शंकास्पद विरामीहरुको सही पहिचान र त्यसपछिका उपचार गर्नको निमित्त Rapit response Team (RRT) र Focal Person चयन गर्न माग गर्दछौं।

८) अस्पतालमा अत्यधिक मात्रामा हुने भीड कम गर्नका लागि सर्वसाधारण नागरिकहरुले अत्यावश्यक परिस्थिति सिर्जना नहुँदासम्म अस्पताल नजानुहुन यसै विज्ञप्तिमार्फत अनुरोध गरिन्छ।

डा. सीपी यादवः अध्यक्ष

नेपाल चिकित्सक संघ मेची शाखा

## कर्मचारी आवश्यकता

सम्पन्न बचत तथा ऋण सहकारी संस्था लि.लाई निम्न कर्मचारी आवश्यकता परेकोले इच्छुकले सम्पर्क गर्नुहोला।

पदः **बजार प्रतिनिधि**

तलबः १०,०००।- कमिशन

स्थानः सैनिकमोड, बिर्ताबजार, बुट्टाबारी, बैशावाडी, लक्ष्मीपुर, चारपाने

मो. ९८१५०६२२१५, ९८१५०६२२०६

## कोरोना भाइरस संक्रमण (कोभिड-19) सम्बन्धी अत्यन्त जरुरी सूचना

विश्वव्यापी महामारीको रुपमा फैलिरहेका नोबेल कोरोना भाइरस चीनको हुवानबाट शुरु भएको थियो। चीन लगायत इटाली, उत्तर कोरिया, जापान, थाइल्याण्ड, अमेरिका आदि जस्ता देशहरुमा धेरै मानिसहरुको मृत्यु भैसकेको छ। कोरोना भाइरस (कोभिड-19) को संक्रमण भइसकेपछि विशेष प्रकारको कुनै उपचार छैन। कोरोना भाइरस सर्ने दर र बिरामी हुने दर निकै बढ्दै गई मृत्यु दर २.५% देखि ३.५% सम्म रहेको छ। कोरोना भाइरसको संक्रमणबाट बच्नु नै ठूलो उपाय हो। कोरोना भाइरसका मुख्य लक्षणहरु यस प्रकार छन्।

१) ज्वरो आउनु १००° F भन्दा माथि
२) नाकबाट पानी बग्नु, हाँछ्यूँ आउनु र खोकी लाग्नु
३) श्वास फेर्न गाह्रो हुनु ४) निमोनियाको लक्षण चिन्ह देखापर्नु
५) थकाई महशुस हुनु
६) माथिको यस्ता लक्षण चिन्हहरु देखिनासाथ तुरुन्तै नजिकको स्वास्थ्य संस्थामा जाँच गराउनुहोस्।

**नोवोल कोरोना भाइरसको संक्रमणबाट कसरी आफू र अरुलाई बचाउने**

१) दिनको कम्तीमा ४-५ पटक साबुन पानीले हात धुनुहोस् र उपलब्ध भएसम्म Hand Sanitizer को प्रयोग गर्दा राम्रो हुन्छ।
२) रुघाखोकी लागेमा सकभर मास्क प्रयोग गर्नुहोस्। नभए घरेलु कपडाले नाक, मुख छोप्नुहोस्।
३) ज्वरो, मर्की, खोकी, लागेमा धेरै मान्छेको सम्पर्कमा नजानुहोस्।
४) ज्वरो, रुघाखोकी लागेमा स्वास्थ्य संस्था वा स्वास्थ्यकर्मीसँग जाँच गराउनुहोस्।
५) जंगली तथा घरपालुवा पशुपन्छीसँगको असुरक्षित सम्पर्कबाट टाढा रहनुहोस्।
६) माछा, मासु, अण्डा राम्रोसाग पकाएर मात्र खानुहोस्।
७) ५ वर्षमुनिका बालबालिका र ५० वर्ष नाघेका मानिसहरु धेरै शतर्क रहनुहोस्।
८) उच्चरक्तचाप, मधुमेह, मुटुरोगी, मृगौला रोगी, फोक्सो सम्बन्धी (दम) रोगी र गर्भवती महिलाहरुलाई यो रोगबाट बच्न निकै सावधानी अपनाउनुपर्नेछ।
९) रक्सी, सुर्तीजन्य पदार्थ, नसालु औषधि सेवन गर्ने मानिसहरुले निकै सतर्कता अपनाउनुहोस्।
१०) जङकफुड, चाइनीज फुड (जस्तै फाष्टफुड, कोल्ड्रिंक्स, तारेको, भुटेको, बासी, सडेगलेको खानेकुराहरु नखानुहोस्।
११) सकभर आफ्नै घरमा पकाएको पोसिलो र झोलिलो हरियो सागपातको प्रयोग बढी गर्नुहोस्।
१२) कोरोना भाइरसबाट बच्नको लागि रोग प्रतिरोधात्मक क्षमता बढाउन पोसिलो खाना, आराम र सरसफाईमा बढी ध्यान दिनुहोस्।
१३) उमालेर र सेलाएको मनतातो पानीको प्रयोग बढी गर्नुहोस्।
१४) सकभर सबै जनाले मनतातो पानीमा तुलसी, अदुवा, बेसार, मरिच जस्ता घरेलु जडीबुटीको प्रयोग गरी पिउनुहोस्।
१५) फलफूलहरु स्याऊ, सुन्तला, अंगुर, कागती र गाजरको प्रयोग गर्नुहोस्।
१६) खाना खानुभन्दा अघि र दिसापिसाब गरेपछि तथा बाहिरको संरचना छोएपछि हात धुने गर्नुहोस्।
१७) कोरोना भाइरस (कोभिड-19) को बारेमा समाचार र पत्रपत्रिका पढ्नुहोस्।
१८) कोरोना भाइरस (कोभिड-19) देखि नडराउनुहोस तर सतर्क रहनुहोस्।
१९) भीडभाडमा नजानुहोस्।
२०) भाइरल इन्फेक्सनको शंका लागेमा स्वास्थ्यकर्मीको सल्लाह अनुसार घरैमा आइसोलेसन गर्नुहोस्।

**'कोरोना भाइरस (कोभिड-19) बाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं।'**

बाह्रदशी गाउँपालिका, झापा

## पाथीभरा क्षेत्र बिकास कोष इलामको जरुरी सूचना

विश्वव्यापी संक्रमणको रुपमा देखिएको कोरोना भाइरसको कारण र नेपाल सरकारले गरेको अनुरोधको आधारमा इलाम जिल्ला रोङ गाउँपालिका-३स्थित पाथीभरा मन्दिरमा गरिने पूजा पाठ, दर्शन, भ्रमण तथा अवलोकनको सम्पूर्ण काम मिति २०७६ चैत्र ६ गतेको पाथीभरा क्षेत्र बिकास कोष सञ्चालक समितिको निर्णयानुसार अर्को सूचना जारी नभए सम्मको लागि बन्द गरी प्रवेश निशेष गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ। साथै कोरोना भाइरसको नियन्त्रण र संक्रमणबाट जोगिन हर सम्भव प्रयास गरी राष्ट्रिय संकटको यो घडीमा सहयोग गर्न हार्दिक अपिल गर्दछौं।

दिलिप राईः सचिव
दौलथकुमार राईः अध्यक्ष

एवम् पाथीभरा क्षेत्र बिकास कोष परिवार

रोङ गाउँपालिका वडा नम्बर-३, कुटीडाँडा इलाम

## पायल्स फिस्टुला फिसरको लागि निःशुल्क स्वास्थ्य शिविर

यही चैत ८ गते शनिवारको दिन पायल्स, फिस्टुला, फिसर र बाथ नशा सम्बन्धी अनुभवी डाक्टरद्वारा निःशुल्क स्वास्थ्य जाँच गरिने भएकाले रोगीहरुले समयमै नाम लेखाइ उपचार गर्नुहोला।

फाल्गुनन्द आयुर्वेद फार्मेसी सेवा

शनिश्चरे रोड, ट्याक्सी स्टेण्ड, बिर्तामोड, झापा

मो. ९८४२६४३६१८, ९८०७९९४८८०

GOMENDRA
BIRTA MODEL SECONDARY SCHOOL
Birtamode - 4 Jhapa, Nepal.
[ 023 - 544211 ]
Admission Open
For Nursery to Class VIII
For the academic session 2077 B.S.
Admission Forms are available at the school's office during office hours (9.00 am- 5.00 pm)
HURRY UP !
Limited seats available

## बिर्ता (सेफ्टी तथा ढल सफाई)

बिर्तामोड, झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ।)

पूर्वाञ्चलकै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ।



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्फकहोस्।


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ उप सम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ प्राविधिक : बद्री महतारा
■ प्रोसेसिङ : गोपाल मण्डल ■ बजार प्रतिनिधिः गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५४१००२/प्रशासन/विज्ञापन : ०२३-५४००४४) Email: purwanchal2052@gmail.com /purwanchal@ntc.net.np

पूर्वाञ्चल

## सम्पादकीय

# सजगता चाहियो

**विश्वव्यापी महामारीको रुप लिएको कोरोना भाइरसको रौद्ररुपलाई रोक्न नेपाल सरकारले पनि पन्ध्र बुँदे निर्णय गरेको छ । यही निर्णय पन्ध्र दिनअघि नै गरिएको भए कोरोना प्रतिरोधका लागि मात्र होइन विद्यालय तहको अन्तिम परीक्षा दिने सम्पूर्णरुपले तयार चार लाखभन्दा बढी विद्यार्थी आश्वस्त हुने थिए । अघिल्लो दिनसम्म–एसईई परीक्षा सर्दैन भन्दै शिक्षामन्त्री निश्चिन्त भएर परीक्षा दिन सुझाइ रहेका थिए । परीक्षा केन्द्र टाढा भएका विद्यार्थीहरु केन्द्र नजिक बास बसिसकेका थिए भने अब अनिश्चितताको पीडा बोकेर फर्किनु परेको छ । एकातिर 'दशा बाजा बजाएर आउँदैन' भनेर चित्त बुझाउनु परेको छ भने अर्कातिर नेतृत्व पंक्तिको अदूरदर्शितामा 'कठैबरा' भन्नुपर्ने अवस्था छ ।**

**कोरोनाको त्रासबाट जोगिन सीमा नाका बन्द गरी आवागमन नियन्त्रण गर्न, प्रतिरक्षाका लागि सजग र सचेत रहन, भीडभाडमा नजान गैरसरकारी क्षेत्रबाट सुझाव आएको थियो । 'जब भयो राति अनि....' भने जस्तै समय भिड्किएपछि गरिने सजगताले अपेक्षित उद्देश्य प्राप्त हुँदैन । अनि पनि सजगता, सतर्कता र सचेतनाले आफैंलाई लाभ हुने भएकाले प्रत्येक व्यक्तिले व्यक्तिगत सरसफाई र बानी व्यहोरामा सुधार गर्न आवश्यक छ । दशा कुन बेला, के बहाना बनाएर कसरी आउँछ थाह नहुने भएकाले प्रत्येक व्यक्तिले हर्दम प्रतिकूलतासँग जुध्ने बानीव्यहोराको विकास गर्नुपर्छ । जीवन ऐश–आराम, भोग–विलाश र राम–रमाइलो मात्र होइन, त्यसैले क्षणभङ्गुरको समाप्ति अघि नै दीर्घजीवनका लागि प्रयास गरिनुपर्छ । यसका लागि आचार–विचार, बानी–व्यहोरामा ध्यान दिनु पर्दछ । त्यही व्यवहारले दुष्कर्म, दुराचार र दुर्बुद्धि आउन दिँदैन र जीवन्तता प्राप्त गर्न सकिन्छ ।**

**'असहायको सहाय दैव' हुन्छन् । विश्व रङ्गमञ्चभित्रका हामी नेपाली आजको भौतिक आविष्कार र उपलब्धीहरुको पहुँचमा पुग्ने सामर्थ्य राख्दैनौं । त्यसकारण पनि परम्परागत, वैदिक एवम् स्वयम्को सचेतनाको विधिबाट यस्ता महामारी र प्रकोपबाट जोगिने प्रयत्न गर्नुपर्छ । सफा रहने, सरसफाईमा, खानपिनमा, हिँडडुलमा र सकारात्मकता र सत्सङ्कल्पमा दृढता र सतर्कता अहिलेको आवश्यकता हो । सरकारले ढिलै भए पनि भीडभाड हुने ठाउँहरुलाई बन्द गराएको छ । कोरोना प्रभावित देशहरुसँगको हवाइ उडान रोकेको छ, भेला–गोष्ठी, सभा–समारोह, भोजभतेर नगर्न निर्देशन दिएको छ । यसले चेतना प्रवाह मात्रै भएको छैन प्रत्येक नागरिकसम्म यस्ता महामारीसँग लड्ने सामुहिक प्रतिबद्धता, अग्रसरता र सहकार्यको अस्तित्व बोध गराएको छ ।**

**रोग लागेर उपचार गरेर जाति हुनुभन्दा रोग लाग्दै नदिनु बुद्धिमानी हुन्छ । त्यसैले उपचारात्मक पद्धतिभन्दा प्रतिरोधी पद्धतिमा लाग्नु अर्थ, स्वास्थ्य र सन्दर्भका दृष्टिले पनि उचित हुन्छ । त्यसैले सरकारका तर्फबाट विदेश पुर्‍याइएका लाखौं नेपालीको अवस्थाप्रति जिम्मेवार सरोकार राखिनु पर्छ । विश्वभर भइरहेका प्रयासहरु आफ्ना विज्ञहरुमा हस्तान्तरण गर्ने वातावरण निर्माण गर्नु पर्दछ । भारत राजस्थानको जयपुरस्थित एक अस्पतालका डाक्टरहरुले एड्स, मलेरिया र स्वाइन फ्लूको उपचारमा प्रयोग गरिने औषधिको योगबाट कोरोना प्रभावितको सफल उपचार गरेको समाचार अरुहरुका लागि उदाहरणयोग्य हुनसक्छ ! यस्तै दाताहरुसँगको सहकार्यबाट नेपालीको विपद् हटाउन सरकारको गम्भीर सक्रियता आजको निर्विवाद आवश्यकता हुनसक्छ ।**

# मानवअधिकारको सम्मान : स्थानीय सरकारको जवाफदेहीता



विष्णु खरेल

केही दिन अगाडि हामी संवाद समूह झापाले आयोजना गरेको एउटा संवादमा सहभागी भएका थियौं । सन्दर्भ थियो- स्थानीय सरकारको बजेट तथा कार्यक्रमहरुको सञ्चालन गर्दा अपनाउने प्रक्रिया, व्यवहार र स्थानीय टोलबासीहरुले पाउने सेवा, सुविधा र लाभ । छलफलमा उठेका कुराहरुले स्थानीय सरकारले गरेका केही विकासका काम कारवाहीहरु अपारदर्शी, व्यक्तिवादी र आम नागरिकहरुको चाहना विपरीत सञ्चालन भइरहेको देखियो । जनताबाट निर्वाचित जनप्रतिनिधिहरु पनि दलगत स्वार्थ, नातागोता र परिवारवाद, पहुँचवाला व्यक्तिको आकर्षण र प्रभावमा परेर योजना छनौट गर्ने, बजेट विनियोजन गर्ने र आम नागरिकहरुले सरोकार राख्ने योजनहरुप्रति उदासिन रहेका उदाहरणहरु प्रष्ट देखियो । कतिपय सहभागीहरुले त स्थानीय सरकारका पदाधिकारीहरुले गरेका अपारदर्शी कामहरुको तथ्यगत प्रमाणहरु नै पेश गर्नुभयो ।

नीति निर्माण वा बजेट विनियोजनमा अपारदर्शिता भ्रष्टाचारको सूचक हो । संयुक्त राष्ट्रसंघको परिभाषा अनुसार 'भ्रष्टाचार भन्नाले निजी लाभको लागि सार्वजनिक शक्तिको दुरुपयोग हो । जसले सार्वजनिक हितमा अवरोध पैदा गर्छ ।' संयुक्त राष्ट्र संघले आफ्ना सदस्य राष्ट्रहरूलाई भ्रष्टाचारविरुद्ध ऐक्यबद्धता तथा शून्य सहनशीलताको नीति अपनाउन आह्वान गरेको छ । राष्ट्रसंघीय पूर्व मानव अधिकार उच्चायुक्त नाभी पिल्लेको शब्दमा 'भ्रष्टाचार सबै प्रकारको मानव अधिकार-नागरिक, राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिकसहित विकासको अधिकारमा ठूलो अवरोध हो ।' अपारदर्शीताले भ्रष्टाचारलाई प्रश्रय दिन्छ र भ्रष्टाचारले मानव अधिकारका मूल सिद्धान्त पारदर्शिता, उत्तरदायित्व, अविभेद तथा समाजमा नागरिकको अर्थपूर्ण सहभागिताको अधिकारलाई वञ्चित गर्छ ।

अहिले आगामी आर्थिक बर्षका लागि नीति, कार्यक्रम र बजेट तयारी गर्ने समय शुरु हुन लागेको छ । यसैले पनि सरकारका विभिन्न तहमा रहेका जनप्रतिनिधिहरुले नागरिकप्रतिको जवाफदेहितालाई स्मरण गर्ने बेला भएको छ । नागरिकले राज्यबाट पाउने सेवासुविधा, न्याय र सुरक्षाको प्रत्याभूति व्यवधानरहित ढंगले पाउनु उसको मौलिक अधिकार हो । व्यवधानरहित ढंगले विकासका योजनाहरु र बजेटको समानुपातिक उपभोग गर्नबाट नागरिकहरु वञ्चित भए भने व्यक्तिको नागरिक अधिकार वा मानव अधिकारको ठाडो उल्लंघन हुन जान्छ ।

संविधान र कानूनद्वारा निर्दिष्ट अधिकारको निर्वाध उपभोगको लागि पारदर्शी, भ्रष्टाचाररहित शासन व्यवस्था तथा कानूनी राज्यको अवधारणा बलियो हुनुपर्छ । अनि मात्र मानव अधिकारको अवस्था सुदृढ हुन्छ । शक्तिको दुपयोगले नेपाली समाज थिलथिलो बन्दै गएको अवस्थामा जनताले चाहेको लोकतन्त्र, विकास, समृद्धि, सुशासन, न्याय, सुरक्षा तथा मानव अधिकार जस्ता सपनालाई शक्तिको दुरुपयोगको संस्कृतिले असफल पारिदिन्छ । हामीले देखेका छौं र भोगेका छौं, जसको शक्ति छ वा जो शक्तिशाली स्थानमा विराजमान छ उसले योजनाहरुलाई प्रभावित पार्ने, आफ्नो अनुकूलताका आधारमा बजेट विनियोजन गराउने



र अति आवश्यक पूर्वाधार तथा सेवाहरु पुर्‍याउनुपर्ने क्षेत्रहरु उपेक्षित भएका छन् । एउटा सानो उदाहरण मात्रः झापाको एउटा नगरपालिकामा विकास बजेट बाँडियो ।

बजेटका लागि स्थानीय टोलबासीहरुले आ-आफ्ना योजनाहरु पेश गरे । एउटा टोलमा मेयरका ज्वाइँ बस्दा रहेछन् । ज्वाइँको घरसम्म पक्की सडक निर्माण गर्न बजेट विनियोजन भयो । तर, त्यही टोलमा डुबान हुने क्षेत्रमा नाला बनाउन गरिएको माग अस्वीकृत भयो । बजेट आएन । योजना र बजेटको दुरुपयोगको यो एउटा मात्र उदाहरण हो । खोज्दै जाने हो भने आफ्नो व्यक्तिगत लाभ र स्वार्थका लागि यस्ता कार्यहरुको फेहरिस्त बनाउन सकिन्छ । सरकारले लक्षित गरेका नीति तथा कार्यक्रमहरु आम नागरिकका साझा अधिकार र चासोका विषय हुन् । यस्ता कार्यक्रमहरुको कार्यान्वय गर्दा आवश्यकता र अवस्थालाई प्राथमिकता नदिने र शक्तिको पहुँचका आधारमा कार्यक्रमहरु सञ्चालित गर्ने कार्यले अन्य नागरिकहरुको मानव अधिकार हनन हुन पुग्दछ । विकासको समानुपातिक उपभोग मानव अधिकारको विषय हो भन्ने कुरा सरकारमा रहेकाहरुले बुझ्न जरुरी छ ।

हामी सबैलाई थाहा छ, विकास कै कारण मानिस सभ्य भएको हो । सभ्यताको विकासका क्रममा जब भौतिक विकासले प्राथमिकता पायो, तब विकासमा मानिसका स्वार्थहरू जोडिन थाले । सीमित स्रोत र साधनमा असीमित चाहनाहरू पूरा गर्नुपर्ने भएपछि विकासमा अस्वस्थ प्रतिस्पर्धा मात्र भएन, असन्तुलन समेत देखियो । स्रोत र साधनमाथि शक्तिशालीहरूले मात्र कब्जा जमाए । स्रोत र साधनमा कब्जा जमाउन सक्नेहरू छिटो धनी र विकसित भए । नसक्नेहरू गरीबको गरीबै भए । समाजमा नयाँ-नयाँ वर्गहरुको जन्म हुन थाल्यो । जसका कारण बिस्तारै समाज शक्तिशाली वर्ग र शक्तिहीन वर्गका रुपमा विभाजित भइरहेको छ । समाजलाई यसरी विभाजित गर्ने मुख्य कार्यमा दलीय राजनीतिक स्वार्थ, व्यक्तिगत लाभ र व्यक्तिगत प्रभाव कारक बनिरहेका छन् । नेपालमा मात्र होइन विश्वमा नै यस्ता अभ्यासहरु नभएका होइनन् । त्यसैले, सबैको आवश्यकता सबैको सरोकार भन्ने अवधारणामा विकासको उपभोग पनि अब देशभित्रको मात्र होइन विश्वको नै साझा एजेण्डा भइरहेको छ । अहिलेको सन्दर्भमा, द्वन्द्व र शान्ति जस्ता राजनीतिक विषय मात्र नभएर समग्र मानव विकास संयुक्त राष्ट्रसंघको एजेण्डा बनिसकेको छ ।

त्यसैले, विश्वमा नै चुनौतिका रुपमा बढिरहेको विकास माथिको सबैको अधिकारलाई विकासको साझा एजेण्डाका रूपमा सहस्राब्दी विकास लक्ष्य सन् २०००-२०१५ आयो । आठ वटा लक्ष्य भएको सहस्राब्दी विकास लक्ष्यको सफलता असफलताको जगमा १७ लक्ष्यसहितको दिगो विकास लक्ष्य सन् २०१६-२०३० बन्यो, जुन एक-अर्कामा अविभाज्य र अन्तर सम्बन्धित पनि छन् । दिगो विकास लक्ष्य सहस्राब्दी विकास लक्ष्यले पूरा गर्न नसकेका लक्ष्य समेतको समष्टि रूप हो । २६ सेप्टेम्बर २०१५ मा संयुक्त राष्ट्रसंघको ७०औँ महासभामा एक सय ९३ राष्ट्रको हस्ताक्षर सहित पारित भएको यो दस्तावेजलाई मानवजाति र पृथ्वीको चार्टरका रूपमा स्वीकार गरिएको छ ।

आधुनिक युगमा मानिसको शत्रु मानिस होइन, गरिबी र भोकमरी मानिसको सबैभन्दा ठूला शत्रु हुन् । त्यसैले दिगो विकास लक्ष्यमा गरिबी र भोकमरीको अत्य गर्ने मुख्य वाचा गरिएको छ । दिगो समावेशी र स्थायी आर्थिक समृद्धिमा साझेदारी सबैलाई सम्मानजनक रोजगारी यसको ध्येय रहेको छ । यो सबै लक्ष्य प्राप्ति मानवअधिकारको जगमा मात्र सम्भव छ । आधुनिक अवधारणा अनुसार दिगो विकास भनेकै मानवअधिकार हो । मानव हितका लागि प्राकृतिक स्रोतको अधिकतम प्रयोग गर्ने तर दोहन नगर्ने, बरु प्रकृतिको जैविक क्षमतालाई बचाउँदै भावीपुस्तालाई समेत पुग्ने गरी अधिकतम् विकास गर्ने दिगो विकासको मूल मर्म हो । विकासमा उत्पादन, आपूर्ति र उपभोगबीचको सन्तुलन कायम गर्ने र प्रतिफल कुनै एउटा देश, वर्ग र काल विशेष मात्र नभएर कालान्तरसम्म निरन्तर रहने विकासको प्रक्रिया दिगो विकास हो, जुन मानव अधिकार विकासमुखी पद्धतिमा आधारित हुन्छ ।

दिगो विकासको लक्ष्य निर्धारण मानव अधिकारको अवधारणामा आधारित हुन्छ । आर्थिक विकास, सामाजिक विकास र वातावरण संरक्षणलाई उत्तिकै महत्व दिइएको दिगो विकास लक्ष्य समग्रमा मानव अधिकारको अवधारणा वरिपरि घुम्छ । पाँच पी अर्थात् पिपुल्स, प्लानेट, प्रस्परिटी, पिस र पार्टनरसिपलाई प्राथमिकता निर्धारण गरेको यो दिगो विकास लक्ष्यले विश्वबाट गरिबी, रोग, भोक, हिंसा, अविभेदको अन्त्य, शिक्षा, स्वास्थ्य, सुरक्षा, खानेपानी, खाद्यान्न, पोषण, आवास, रोजगारीको सुनिश्चिता, ऊर्जा, सरसफाई, कानूनी शासन, समानता, मानव अधिकार, मर्यादा, गरिमा, शोषणरहित, समतामूलक, समावेशी समाजको निर्माण गर्ने कुरामा जोड दिएको छ ।

सहस्राब्दी विकास लक्ष्यलाई स्वीकार गरेका नेपालका स्थानिय सरकारका प्रतिनिधिहरुले पनि यसकये मर्मलाई आत्मसाथ गर्नुका साथै विकासको समानुपातिक र सुरक्षित वितरण र उपभोगको वातावरण तयार गर्नु उनिहरुको दायित्व र सार्वजनिक जाफदेहिता पनि हो । अहिले आफूखुशी योजना निर्माण गर्ने र बजेट वितरण गर्ने जुन शैली देखिएको छ यस्तो शैलीले समाजलाई हित हुँदैन र यस्ता गतिविधिले मानव अधिकारको सम्मान पनि गर्न सक्दैन ।

## सामाजिक सञ्जाल



श्रीराम पौडेल

सामाजिक सञ्जालमा जन्मदिन वा अन्य शुभकामना दिँदा अक्सर ( राजनीतिक कार्यकर्ता) कनिष्ठले बरिष्ठकर्तासँगै खिचेको फोटो राख्नुको सामाजिक मनोविज्ञान के होला ? १. पहुँच विस्तारको धाक देखाउन २. वरिष्ठको रेकर्डमा नाम छिराउन ३. अतिरिक्त बफादार देखाउन वा कुनै जाँगर लागे टिप्पणी गर्नुहोस् न ।



तेजेन्द्र काफ्ले

माफ पाउँ तर हामीले बनाएको सरकार गैर जिम्मेवार रहेछ । घण्टौं हिँडेर केन्द्राध्यक्षसहितका कर्मचारी केन्द्र पुगेपछि, परीक्षा केन्द्रमा सिट प्लानिङ भएपछि, कोठा भाडामा लिएर विद्यार्थी अन्तिम तयारीमा जुटेपछि परीक्षा स्थगित गर्नु कति जायज सरकार ?



प्रकाश सिजापति

बिदेशमा रहेका आफ्नो देशका नागरिकलाई यदि तिमी 'त्यहाँ' सुरक्षित महशुस हुन सकेको छैनौं भने स्वदेश फर्क भन्नुपर्नेमा गोलमटोलको भाषामा ( तिमी बरू न आइदिएको बेस ! भने जस्तो सुनियो ।
यो विषयमा नेपाल सरकारले सबैले सजिलै बुझ्ने गरी सरल भाषामा प्रष्ट पारिदिनु पर्‍यो ।



केदार खड्का

प्राणघातक COVID-19 विरूद्ध 'प्रतिपक्ष', 'सरकार', 'व्यवसायी', 'सञ्चार' र 'नागरिक समाज'सँगै मिलेर लडौं न हैं !



रविन्द्र मिश्र

**साबुन पानीले नियमित हात धोऔं**
सरकारले कोभिड- १९ रोकथाम तथा नियन्त्रणका लागि लिएका कदमहरु स्वागतयोग्य छन् । तर, विदेशबाट नेपालीहरु नेपाल आउने नसक्ने भयो भने उनीहरु सहजै अलपत्र पर्न सक्छन् । त्यसबारे विशेष ध्यान पुगोस् ।



ग्रीष्माश्री दाहाल

परीक्षामा अन्तिम १५ मिनेटमा लेखेको उत्तरले कहिलेकाहीँ पास भइन्छ भने यो त जिन्दगीको सवाल हो सरकारले जे गर्‍यो ठीक गर्‍यो, आपतकालीन निर्णय आकस्मिक नै हुन्छन्, टिप्पणीभन्दा कार्यान्वयनमा साथ दिनु नागरिकको कर्तव्य हो !



रुबिना श्रेष्ठ

सबैलाई छोरा-छोरीको विदामा के गराउने भन्ने पिरलो छ ! यसो गराम नः- खाना पकाउन सिकाउनु, सरसफाई गर्न सिकाउनुस् बा आमालाई सहयोग गर्न सिकाउनुस् ।
अब थप्दै जानुस् !
(यसको लागि बा–आमाले हामीसँग समय छैन भन्नुहोला नि, समय पनि आलोपालो गरेर निकाल्नुस् ।)



विष्णु रिमाल

कृषिमन्त्री घनश्याम भुषालद्वारा प्रस्तुत कृषि उत्पादन व्यवस्थाका पाँच नीतिगत आधारहरु :-
- उत्पादन सामग्रीमा अनुदान
- सबै किसानको घरदैलोमा प्राविधिक सेवा–टेवा
- सस्तो र शुलभ ऋण
- बाली तथा पशुपन्छी बिमा
- न्यूनतम् बचतको ग्यारेण्टी

# कोरोनाविरुद्ध बाह्रदशीमा 'क्वीक रेस्पोन्स टिम'

**बिर्तामोड, चैत ६।** विश्वभरी फैलिएको कोरोना भाइरस (कोभिड १९)को प्रकोपलाई मध्यनजर गर्दै बाह्रदशी गाउँपालिकाले वडा नम्वर ७ स्थित डाँगीबारी स्वास्थ्य चौकीको पुरानो भवन र वडा नम्वर ५ को खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाको भवनमा दुईवटा आइसोलेटेड कक्ष तयार गर्ने निर्णय गरेको छ ।

गाउँपालिका अध्यक्ष खड्गप्रसाद राजवंशीको अध्यक्षतामा बसेको विपद् व्यवस्थापन समितिको बैठकले यस्तो निर्णय गर्दै गाउँपालिकाका दुई स्थानमा आइसोलेशन कक्ष र वडा नम्वर १ को खयरवारीमा हेल्प डेस्क राख्ने निर्णय गरेको हो । सोही निर्णय बमोजिम बाह्रदशी गाउँपालिकामा कोरोना भाइसरको प्रकोप नियन्त्रणका लागि आइसोलेटेड वेड र हेल्प डेस्क स्थापना गर्न लागिएको गाउँपालिकाका योजना शाखा प्रमुख तेजप्रसाद रेग्मीले जानकारी दिए ।

भारतबाट नेपाल प्रवेश गरेका मानिसलाई गाउँपालिकाको वडा नम्वर १ स्थित खयरबारीमा परीक्षण गरिने र शरीरको तापक्रम एक सय डिग्रीभन्दा माथि भएको खण्डमा आइसोलेटेड कक्षमा पठाउने निर्णय भएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत राजेन्द्रप्रसाद दाहालले जानकारी दिए ।

विपद् व्यवस्थापन समितिको बैठकले कोरोना रोग नियन्त्रणमा प्रभावकारी भूमिका निर्वाह गर्न स्थानीय समन्वय समिति समेत गठन गरेको छ । गाउँपालिका अध्यक्ष खड्गप्रसाद राजवंशीको अध्यक्षतामा समिति गठन भएको हो । बैठकले गाउँपालिका अध्यक्ष राजवंशीकै अध्यक्षतामा 'क्वीक रेस्पोन्स टिम'समेत गठन गरेको छ ।

गाउँपालिकाले सार्वजनिक स्थानमा धेरै जना एकै पटक भेला नहुन र वडा कार्यालय, प्रहरी चौकी, स्वास्थ्य संस्था लगायतका सार्वजनिक ठाउँमा पस्दा साबुन पानीले हात धोएर मात्र प्रवेश गर्न अनुरोध गरेको विपद् व्यवस्थापन समिति सदस्य सुरेन्द्र भण्डारीले जानकारी दिए ।

# प्रहरीलाई कोरोना सचेतना



**बिर्तामोड, चैत ६।** विश्वव्यापी रुपमा महामारीको रुप लिइरहेको कोरोना भाइरस ( कोभिड १९)को प्रकोपलाई मध्यनजर गर्दै इलाका प्रहरी कार्यालय अनारमनीले मातहतमा कार्यरत सबै प्रहरीलाई सचेतना शिक्षा प्रदान गरेको छ ।

हरेक क्षेत्रमा प्रहरी पुग्नुपर्ने भएकाले रोगको उच्च जोखिममा प्रहरीहरु रहेने भन्दै त्यसबाट कसरी जोगिन सकिन्छ भन्ने विषयमा इलाका प्रहरी कार्यालय अनारमनीले प्रहरीलाई सचेतना शिक्षा प्रदान गरेको इलाका प्रहरी कार्यालय अनारमनीका प्रहरी नायव उपरीक्षक मुकुन्द रिजालले जानकारी दिए ।

बिर्तामोडस्थित पूर्ण टुङ्ग बिर्तासिटी अस्पतालका डा. विजय केसीले विश्वव्यापी रुपमा फैलिरहेको कोरोना भाइसरबाट कसरी आफूलाई सुरक्षित राख्न सकिन्छ भन्ने विषयमा प्रहरीलाई जानकारी गराएका थिए ।

कोरोना स्वास्थ्वस प्रश्वासका माध्यमबाट फैलने भएकाले भिडभाड हुने स्थानमा प्रहरी पुग्नुपर्ने बाध्यता रहेकाले त्यसबाट बच्न मास्कको प्रयोग, पञ्जाको प्रहयोग र रोगी व्यक्ति फेला परेको खण्डमा कसरी सुरक्षित रुपमा उद्धार गर्ने भन्ने विषयमा डा. विजय केसीले प्रहरीलाई जानकारी गराएका थिए । कोरोना भाइरसको प्रकोप विश्वभर बढ्दै गएपछि अहिले सबै क्षेत्रमा सर्तकता उच्च पारिएको छ ।

# मकैको बोटमा घोगा छ, दाना छैन



□ विनोद सापकोटा

**माइधार, चैत ६।** शिवसताक्षीका किसानले लगाएको हिउँदे मकैमा दाना नलागेपछि गाईभैंसीलाई खुवाउन थालेका छन् । हाइब्रिड टि एक्स तीन सय ६९ जातको मकैको घोगामा दाना नलागेपछि गाई-भैंसीलाई खुवाउन थालेको किसानले बताएका छन् ।

बैंक तथा वित्तीय संस्थाबाट कर्जा लिएर मकैखेती गरेका किसानले मकैको घोगामा दाना नलागेपछि लगानी डुबेको गुनासो गरेका छन् । शिवसताक्षी-१० को माइधार र टेक्रा लगायतका स्थानका आठ हेक्टर क्षेत्रमा रोपिएको मकैको घोगामा दाना नलागेको हो । कृषि प्राविधिकले किसानको बारीमा गएर अनुगमन गर्दा मकैको बोटमा खोया मात्र भेट्टाएका थिए ।

माइधार र टेक्रा क्षेत्रका किसानले सुरुङ्गाको एक पसलबाट बीऊ खरिद गरेर लगेका थिए । किसानको गुनासो आएपछि अनुगमनमा जाँदा मकैको बोट राम्रो देखिए पनि घोगामा दाना नफलेको शिवसताक्षी नगरपालिका कृषि शाखाकी कर्मचारी जानुका श्रेष्ठले बताइन् । मकैको घोगामा दाना नलागेपछि किसानहरु मकैको बोट काटेर गाईवस्तुलाई खुवाउन बाध्य भएको उनले बताइन् । घोगामा दाना लाग्नुको सट्टा बोटको टुप्पा (धान चमिरा)मा मसिना दाना लागेको किसानहरुले बताएका छन् । घोगाको टुप्पामा मकैको साना-साना दाना देखिएका छन् । यस्तो प्रकृतिको मकैको घोगा पहिलो पटक देखेको उनले बताएकी छिन् ।

खेतमा लगाइएको मकैमा दान नलागेपछि बोट काटेर भैंसीलाई खुवाउन थालिएको आँपटारीकी किसान हिम्दी थापाले बताइन् । 'घोगाको टुप्पोमा काँडा छ । दाना लाग्ने खोयो खाली भएपछि लगानी डुब्यो । महँगो बीऊ, मल र सिँचाई, गरेर लगाएको बालीमा दाना नलाग्दा सर्वस्व गुम्यो' -थापाले भनिन्- 'बीऊ र मलको पैसा तिर्न बाँकी छ । मकै बेचेर तिर्ने शर्तमा साहुबाट बीऊ, मल ल्याएर सात कठ्ठा जग्गामा मकै लगाएको थिएँ, अब कसरी तिर्नु ?'

प्राविधिकका अनुसार प्रतिहेक्टर नौ मेट्रिकटन मकै यो फसलमा उत्पादन हुन्छ । आठ हेक्टर जग्गामा उत्सादन हुने ७२ मेट्रिकटन मकै किसानको गुमेको छ । मकैको बोटमा फूल फुल्ने बेलामा १५ डिग्रीभन्दा कम तापक्रम भएमा मर्छ । त्यस्तो अवस्थामा परागसेचन हुन पाउँदैन । त्यसैका कारणले दाना नलाग्ने समस्या हुने भए पनि शिवसताक्षीको १० नम्बर वडामा किसानले लगाएको मकैको घोगामा दाना नलाग्नुको कारण प्राविधिकले बताउन चाहेनन् ।

असोज अन्तिम तथा कात्तिक १५ पछि लगाएको मकै बालीले फूल फुल्ने बेला १५ डिग्रीभन्दा कम चिसोको सामना गर्नुपर्ने हुन्छ । किसानहरुले असोजमा धान काटे लगत्तै मकै लगाउने गरेका छन । तर, शिवसताक्षीमा मकैको बोटमा घोगा लागे पनि दाना लगाग्नु बीऊ नै गुणस्तरहीन भएकाले मकैको घोगामा दाना नलागेको हुन सक्ने स्वयम् किसानले बताएका छन् । यद्यपि प्राविधिक भने मौन छन् । सयौं किसानले सुरुङ्गा बजारको एक एग्रो भेट्सबाट बीऊ खरिद गरेका थिए । उनीहरुको पनि समस्या आँपटारी र टेक्राको जस्तै हुन सक्ने अनुगमन टोलीमा रहेका एक प्रतिनिधिले बताएका छन् ।

एक सय घोगामा परीक्षण गर्दा १० घोगामा दाना लागेको भए पनि थोतो रहेको नगरको कृषि शाखाले जनाएको छ । सेवा क्षेत्र वडाका वडाध्यक्ष कर्णबहादुर थापा, नगरस्तरीय कृषि समितिका सदस्य उमानाथ पराजुली, चन्द्रडाँगी कृषि फर्मका अधिकृत मोनीका चौधरी, कृषिज्ञान केन्द्र झापाका अधिकृत गणेश शिवाकोटी लगायतको टोलीले मकैबालीको अनुगमन गरेको थियो ।

# जनता त्रासमा, व्यापारी कमाउ धन्दामा

**बुद्धशान्ति, चैत ६।** बुद्धशान्तिमा रहेको बुधबारे बजारमा बुद्धशान्ति गाउँपालिकाको नेतृत्वमा बजार अनुगमन भएको छ ।

व्यापारीले व्यापक कालोबजारी गरेको उपभोक्ताको गुनासो आएपछि गाउँपालिकाको नेतृत्वमा झापा उद्योग वाणिज्य संघ शाखा बुद्धशान्ति, उपभोक्ता हित संरक्षण मञ्च बुद्धशान्ति र इलाका प्रहरी कार्यालय बुधबारेको संयुक्त टोलीले बजार अनुगमन गरेको हो । अनुगमनका क्रममा ग्यास छैन भन्दै बढी मूल्यमा बिक्री गरेको, लुकाएको पाइएको बुद्धशान्ति गाउँपालिका उपाध्यक्ष मीरा भूर्तेलले बताइन् ।

स्थानीय बासिन्दाको व्यापक गुनासो आएपछि बुधबारेका केही व्यापारीले कोरोना त्रासले भविष्यमा राम्रो कमाइ गर्न सकिन्छ भनेर ग्यास, खाद्य सामग्री लुकाएको र बढी मूल्यमा बिक्री गरेको पाइएको अनुगमन टोलीले बताएको छ । शान्ति किराना पसल लगायतले ग्यास लुकाएको, पर्नेभन्दा बढीमा बिक्री वितरण गर्दै आएको तथा मिति गुज्रिएको सामग्री बिक्री गरेको, लक्ष्मी भाँडा पसल लगायतका केही पसलले ग्यास बढी मूल्यमा बिक्री गरेको पाइएको उपभोक्ता हित संरक्षण मञ्च बुद्धशान्तिका अध्यक्ष धरणी पोखरेलले बताए ।

स्टक नदेखाउन व्यापारीले नक्कली ग्राहक बनाएर पनि ग्यास लुकाएको पाइएको छ । ग्यासको कृतिम अभाव सिर्जना गर्न डिलरले नै ग्यास नदिएको पाइएको झापा उद्योग वाणिज्य संघ शाखा बुद्धशान्तिका अध्यक्ष रुद्र चापागाईले बताए । अनुगमनका क्रममा केही व्यापारीले देशमा हुन सक्ने संकटबाट बढी कमाउन सकिन्छ भनेर उपभोग्य सामग्री लुकाएको र कमाउने बहानामा बढी मुल्य असुलेको देखिएको बुद्धशान्ति-६ का वडाध्यक्ष शम्भु पौड्यालले बताए । लुकाएर राखिएको ग्यास अनुगमन टोली कै अगाडि उपभोक्तालाई बाँड्ने काम पनि भएको अनुगमन टोलीले बताएको छ ।

# पूर्वी पृतनामा ८४ सैन्य दिक्षित



**बिर्तामोड, चैत ६।** नेपाली सेना पूर्वी पृतना हेडक्वाटर इटहरीमा सञ्चालन भएको सि.सं. १५ सैन्य आधार तालिमको अन्तिम दलेल कवाज (दिक्षान्त समारोह) सम्पन्न भएको छ ।

पूर्वी पृतनापति उपरथी अनन्त कार्कीको प्रमुख आतिथ्यमा कार्यक्रम भएको थियो । कार्यक्रममा प्रमुख अतिथि पूर्वी पृतनापति उपरथी कार्कीले तालिम सफलतापूर्वक सम्पन्न गरी सिपाही दर्जामा नियुक्त हुने सैन्यहरुलाई वधाई तथा शुभकामना दिएका थिए भने तालिम टोलीद्वारा प्रदर्शित कवाजको निरीक्षण समेत गरेका थिए ।

कार्यक्रममा विभिन्न विधाहरुमा उत्कृष्ट हुने ८४ जना सैन्यहरुलाई पुरस्कृत गरिएको थियो । यसरी पुरस्कृत हुने सैन्यहरुमा फायरिङमा प्रथम हुने सिपाही श्यामकुमार श्रेष्ठ, ड्रिलमा प्रथम हुने सिपाही डम्बर चौधरी, बाधापारमा प्रथम हुने सिपाही सनम तामाङ र क्रस कन्ट्री आठ किलोमिटर दौडमा प्रथम हुने सिपाही उपेन्द्र देवान रहेका छन् ।

सात महिना अवधिको सैन्य आधारभूत तालिम पूरा गरेका सिपाहीहरु अब नयाँ नियुक्ति लिई विभिन्न युनिहरुमा खटिने बताइएको छ ।

# मानसिक सन्तुलन गुमाएकी महिलाको पैसा सुरक्षित



**बिर्तामोड, चैत ६।** नारी कल्याण समाज झापाले 'माया घर इटहरी' मा बुझाएकी मानसिक सन्तुलन गुमाएकी एक महिलाको साथमा रहेको दुई लाख ४२ हजार रुपैयाँ हस्तान्तरण गरेको छ ।

इलाका प्रहरी कार्यालय बिर्तामोडको समन्वयमा नारी कल्याण समाज झापाकी अध्यक्ष प्रेमा भट्टराईले माया घरकी सचिव सुभद्रा प्याकुरेल सुवेदीलाई दुई लाख ३४ हजार दुई सय नेरु र आठ हजार पाँच सय भारु गरी दुई लाख ४२ हजार रुपैयाँ हस्तान्तरण गरेकी हुन् ।

माया घरको संरक्षणमा रहेकी उनको स्वास्थ्य अवस्था ठीक भएपछि उनलाई पुर्नस्थापना गर्दा उक्त रकमसहित फिर्ता गर्ने र माया घरबाट पुर्नस्थापना गर्दा नारी कल्याण समाज झापाको पनि उपस्थितिमा मात्र गर्ने सहमति भएसँगै उक्त रकम हस्तान्तरण गरिएको अधिकारकर्मी दीपक दासले बताए ।

गत माघ २२ गते सुरुङ्गामा अस्वभाविक हाउभाउ देखाउँदै हिँडिरहेको अवस्थामा स्थानीयले ती महिलालाई पक्राउ गरी प्रहरीलाई बुझाएका थिए । भारत घर बताउने उनले स्पष्ट ठेगाना भन्न नसकेका कारण समस्या भएपछि संरक्षणका लागि माया घर पुर्‍याइएको भट्टराईले बताइन् ।


**सुवर्ण अवसर ! सुवर्ण अवसर !!**

विगत लामो समयदेखि आधिकारिक रुपमा नेपाल सरकारको इजाजत प्राप्त सेक्युरिटी दिँदै आएको (सेभेन स्टार सेक्युरिटी सर्भिस) प्रा.लि. शाखा कार्यालय बिर्तामोडले देश तथा विदेशबाट पूर्ण अनुभव प्राप्त दक्ष प्रशिक्षकद्वारा नि:शुल्क तालिम दिलाइ सेक्युरिटी समबनधी पूर्ण ज्ञान दिँदै शारीरिक रुपमा, मानसिक रुपमा एवम् आत्मरक्षा सम्बन्धी पनि प्रशिक्षण दिलाउने हुँदा यथाशीघ्र मौकाको फाइदा उठाइ आफूलाई आत्मनिर्भर दिलाउनु हुन यो सूचना प्रकाशित गर्दछौं ।

तालिमको किसिम :
१) सेक्युरिटी तालिम  २) बडीगार्ड तालिम
३) पर्सनल बडीगार्ड तालिम  ४) मार्शल आर्ट (बेसिक) तालिम

सम्पर्क: बिर्तामोड, भद्रपुररोड
०२३-५४६६२४, ९८५२६७३९५५, ९८०१४१६८४०, ९८०१४१६८४१, ९८०१४१६८४२

**अर्जुनधारा यातायात प्रा. लि.द्वारा सञ्चालित झापाको बिर्तामोडदेखि पाँचथरको रविसम्मको दैनिक आरामदायी यात्राको लागि हामीलाई सम्झनुहोस् ।**

दानावारी, महमाई, लारुम्वा, रविसम्म गाडी छुट्ने समय:
बिहान : ७:३० , ८ :३० , ९ :१५ , १० :१५ , ११ :१५ , १२ :१५,
बेलुका : ०२:१५ दानाबारीसम्म । ०२:४५ सानो वर्दुसम्म ।
बिर्तामोडबाट रविसम्म जाने गाडी नम्बरहरु :
मे१ज ५६४, मे१ज १७९९, मे१ज ५४६, मे१ज ६२५, मे१ज ३०७, मे१ज ४१७
काउण्टर इन्चार्ज सम्पर्क नम्वरहरु :
बिर्तामोडबाट दानावारी : ९८४२६२३१५२ सीताराम आचार्य (काका)
बिर्तामोडबाट रवि : ९८१५९९०९४४ वीरेन्द्र राई

सेफ्टी ट्याङ्की सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।
**झापा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई**
बिर्तामोड, झापा
सम्पर्क राजकुमार श्रेष्ठ
अफिस सम्पर्क
झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।



**श्री सहकारी संस्था लिमिटेड**
बाह्रदशी-३, राजगढ, झापाको

**सूचना ! सूचना !! सूचना !!!**

मिति: २०७६।१२।०१

यस श्री सहकारी संस्था लिमिटेड राजगढको मिति २०७६।०९।०४ गते बसेको बार्षिक साधारणसभाको निर्णय साथै यस संस्थाको मिति २०७६।१२।०१ गते बसेको सञ्चालक समितिको बैठकको निर्णयानुसार यस संस्थाको खालिरहेको जग्गामा व्यवसायिक प्रयोजनको लागि ट्रस टहरा निर्माण गर्ने भनी निर्णय भएकोले न्यूनतम् रकम रु. ६८,००,०००।- (अक्षरेपी अठसठ्ठी लाख) मात्रमा नबढाई डाक घटाघट विधिबाट गोप्य शिलबन्दी टेण्डर आव्हान गरिएको छ । इच्छुक महानुभाव वा संघ-संस्थाहरुले तल उल्लेखित नाप नक्सा बमोजिमको हुने गरी सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र कार्यालयमा आइपुग्ने गरी गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन यसै सूचनाद्वारा जानकारी गराइन्छ ।




रमेशप्रसाद अधिकारी: अध्यक्ष
श्री सहकारी संस्था लि., राजगढ



**बिना अपरेशन सफल उपचार**

दक्ष एवम् अनुभवी डाक्टरहरुद्वारा दैनिक चेकजाँच तथा सफल उपचार ।

उपचार हुने समस्याहरु :
- कम्मर, गर्दन दुख्ने, घुडा दुख्ने, नशा च्यापिएको, शरीर झम्झमाउने
- थाइराइड, कोलेस्ट्रोल, ग्याष्ट्रिक, कब्जियत
- पायल्स, फिसर, फिस्टुला, पिनास, सुगर, प्रेसर
- खोकी, जण्डिस, छातीको दाग, मृगौलाको पत्थरी, एलर्जी, डण्डीफोर
- महिला तथा पुरुषका गुप्त रोगहरु, माइग्रेन, अनिद्रा, प्रोस्टेट
- बाथ युरिक एसिड, कुम जाम भएको
- प्यारालाइसिस, मुख बाङ्गिएको आदि ।

**बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर**
(अष्टाङ्ग आयुर्वेद फार्मेसी) अदुवा खोला पुल पश्चिम हाइवेको दक्षिण पट्टी बिर्तामोड-४, झापा
फोन न ०२३-५४१४६६/९८०६०००३१३/९८४२७१६५८८

**हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार**

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।

जाँच तथा उपचार हुने समस्याहरु
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५४०१२३, ९८०३१५४६१९)

**१००% रोजगारसहित होटल तालिममा भर्ना खुल्यो**

काठमाडौंबाट सञ्चालित एसियन होटल ट्रेनिङको ५०% सहयोगमा अब हाम्रो शहर बिर्तामोडमा होटल तालिममा भर्ना खुल्यो । तालिमहरु कुक, इण्डियन, चाइनिज, कन्टीनेन्टल, इटालिएन र वेटर ।

हाम्रा विशेषताहरू :
- काठमाडौंको 5 Star होटलका सेफद्वारा तालिम दिइने ।
- तालिमलाई चाहिने सम्पूर्ण सामान काठमाडौंबाट ल्याइने ।
- तालिमपछि आफ्नै कम्पनीबाट विदेश पठाइने ।
- दक्ष नभए पुन: रि-क्लास गरी दक्ष बनाइने ।
- तालिमपछि काठमाडौं वा पोखराको Star होटलमा जब ट्रेनिङमा पठाइने ।

सम्पर्क : **होटल अलपाइन**
शनिश्चरे रोड ट्याक्सी स्टेण्ड बिर्तामोड, झापा
नोट: यहाँ खान/बस्नको राम्रो व्यवस्था छ ।
फोन: ०२३-५४०२३१
मो. ९८१२३५१२७१, ९८१२३५१२२६



**डाक्टर आउने बारेको सूचना**

डा. पवन पराजुली NMC No. 7465
MBBS (BKPKHIS) Dharan
MD फिजिसियन (PGI, Chandigarh) India
DM, Gastroenterology (ION, TUTU) KTM
ग्यास्ट्रो एण्ड हेपाटोलोजी पेट, आन्द्रा, कलेजो, प्याङ्क्रियाज रोग विशेषज्ञ
महिनाको दोस्रो र चौथो शनिवार (दिनको १२ बजेदेखि)
कान्तिपुर मेडिसिन एण्ड प्रधान डाइगोनोष्टिक सेन्टर
बिर्तामोड अन्धुवा खोला छेऊ (०२३-५४२८४५)

**उज्यालो यातायात प्रा.लि.**
९८६०३६२५३५
९८१४०८८९९६
बिर्तामोड, फिदिम, ताप्लेजुङ, हेटौंडा, नारायणघाट, काठमाडौं, कोहलपुर, धनगढी, नेपालगञ्ज, महेन्द्रनगर, सुर्खेत, बाग्लुङ, भैरवा, पोखरा, बुटवल, लुम्बिनी, नेपालको जुनसुकै ठाउँ जानको लागि सम्झनुहोस् ।

**वर्गीकृत विज्ञापन**

**कर्मचारी आवश्यकता**
सेक्युरिटी गार्ड (महिला-पुरुष) १५ जना
Math/English Teacher: ४ जना
Math/Science Teacher: ४ जना
कुक : ७ जना (बिर्तामोड, इलाम, काँकरभिट्टा)
वेटर : ११ जना (बिर्तामोड, इलाम, फिक्कल)
हाउस किपिङ : ६ जना (बिर्तामोड, इलाम)
क्लिनर: ८ जना (बिर्तामोड, इलाम, काँकरभिट्टा)
घरमा काम गर्ने : ४ जना (महिला)
नेपाल जब्स केयर सर्भिस प्रा.लि.
बिर्तामोड : ०२३-५४६६८३/९८२६९२०००१
इलाम: ०२७-५२०१४०/९८२६९२०००२

**टाटा सुमो गाडी भाडामा चाहिएमा**
बितामोडदेखि पशुपतिनगर र पशुपतिनगरबाट बिर्तामोड दैनिक यात्रा साथै रिजर्भका लागि १० सिट भएको टाटा सुमो गाडी चाहिएमा सम्पर्क गर्नुहोला ।
मो.९८१५९५२४९९
९८४१३२१४६४

**आवश्यकता**
सेक्युरिटी गार्ड:- ४० जना (महिला/पुरुष)
यहाँ नि:शुल्क सेक्युरिटी ट्रेनिङ गराइन्छ ।
सेभेन स्टार सेक्यरिटी सर्भिस प्रा.लि. बिर्तामोड भद्रपुररोड
फोन: ०२३-५४३००३/५४६६१४, ९८०१४१६८४०, ९८०१४१६८४१, ९८५२६७३९५५

**सेफ्टी ट्याङ्की तथा ढल सफाई**
अत्याधुनिक ट्रबो (Trabo) प्रविधि सिस्टमको ठूलो ट्यांकीबाट सस्तोमा दुगन्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।
'चट्ट फोट झट्ट सेवा'
सम्पर्क: ०२३-५५०६२०
९८४२६५५७००, ९८०४९३८१००,
९८०७९३०७४०, ९८१७९२९३९४

**सटर विक्रीमा**
मुक्तिचोकस्थित पोखरेल मार्केट (लक्ष्मी ट्राभल्स) भित्र खाली सटर तु-विक्रीमा छ ।
सम्पर्क: ९८४२६२३६०६,
९८१५००४९०६

**साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई**
झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस् ।
सम्पर्क: ९८२४९८११७४, ९८४४६४७०६७
९८०६०८३८७६, ९८६२६४८२८२

**पत्रिका समयमा पाउनु भएको छैन ?**
मो. ९८०७९१०२२२ पत्रिकाको ग्राहक शुल्क भुक्तानी गर्नलाई निम्न नं. मा सम्पर्क गर्नुहोस् ।

**छापाखाना**
बिभिन्न किसिमको विवाह कार्ड उपलब्ध छ
फोटोकपि, स्टाम (छाप), अफसेट प्रिन्ट, स्क्रीन प्रिन्ट, फ्लेक्स प्रिन्ट, होर्डिङ बोर्ड, लेमिनेशन, डिजिटल प्रिन्ट
घिमिरे अफसेट प्रेस बिर्तामोडमा


**हिजोको सूनचाँदीको भाउ**

| | |
|---|---|
| छापावाला सुन : | ७७,०००।- |
| तेजावी सुन : | ७६,७००।- |
| असल चाँदी : | ७२५।- |



ज्यो. मधुसूदन रिजाल (स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** शुभचिन्तकहरूले साथ दिनेछन् । चिताएका काम सजिलै सम्पादन हुनेछ । सुखद् समाचारले दिन उत्साहपूर्ण रहनेछ ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** अध्ययनले बौद्धिक क्षेत्र फराकिलो बन्नेछ । मेहनतले प्रतिष्ठित काम सम्पादन गर्ने मौका दिलाउनेछ ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** व्यापारमा धेरै फाइदा नभए पनि लाभांश अवश्यै प्राप्त हुनेछ । सन्तान वा अनुयायीको साथले पनि हिम्मत जगाउनेछ ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** हिस्सेदारसँग असमझदारी बढ्नाले पहिलेको सम्झौता भंग हुन सक्छ । अनावश्यक साइनो गाँस्नेहरूसँग सावधान रहनुहोला ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** नियमित काम सम्पादन भए पनि पारिवारिक मतभेदले व्यवधान निम्त्याउला । निर्णायक मोडमा दुविधा उत्पन्न होला ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** समय केही नकारात्मक रहेकाले सजग रहनुहोला । बेसुरमा वचन दिने बानीले अप्ठ्यारो पर्न सक्छ ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -** छोटो समयमा विशेष उपलब्धि हातलागी हुनेछ । विभिन्न स्रोत-साधन प्राप्त हुनेछन् भने गरिएका कर्मको उचित प्रतिफल प्राप्त हुनेछ ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** नगद जुट्नाले दैनिकीमा परिवर्तन आउला । रोकिएका काम बन्ने र नयाँ काम शुरु गर्ने समय छ ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** उद्योग र व्यापारमा विशेष फाइदा हुनेछ । शत्रु र प्रतिस्पर्धीलाई सजिलै हराउन सकिनेछ । नौलो प्रकृतिको काम शुभारम्भ गर्ने मौका छ ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** बुद्धिको उपयोगले विद्या तथा धन आर्जन हुनेछ भने सानो प्रयत्नले ठूलो काम बन्नेछ । मेहनतले सम्मानित स्थान दिलाउनेछ ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** बौद्धिक अभिव्यक्तिले ठूलो अवसर दिलाउन सक्छ । आम्दानीका स्रोत बढ्नुका साथै दिगो फाइदा हुने काममा सम्झौता गर्ने समय छ ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** बोलीको प्रभाव बढ्नेछ भने अभिव्यक्ति कलालाई निखार्ने अवसर प्राप्त हुनेछ । मान-सम्मान प्राप्त हुनेछ ।